ISSN 2091-1629

गौरी मासिक

GAURI MASIK

वर्ष २१, अङ्क ३, २०८२ मङ्सिर, पूर्णाङ्क २३५

मूल्य रु. ४५/-

निरन्तर २३५ औं अङ्क

ब्रह्मा मन्दिर

का.म.पा.- ८, जयवागेश्वरी, काठमाडौं

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

॥ ॐ ॥
॥ पिबत भागवतं रसमालयम् ॥
श्रीमद्भागवत–महापुराण ज्ञानमहायज्ञ
सादर निमन्त्रणा
राष्ट्रदेव श्रीपशुपतिनाथ भगवान् र शिवस्वरूप सद्गुरुदेव भगवान्को पावन अनुकम्पाले यही मिति २०८२ मङ्सिर ६ गतेदेखि १४ गतेसम्म शङ्कराचार्य मठमा राष्ट्रदेवप्रीत्यर्थ आयोजित श्रीमद्भागवतमहापुराण ज्ञानयज्ञमा उपस्थित भई महेश संन्यास आश्रमका पीठाधीश्वर श्री १००८ स्वामी रमणानन्द गिरिज्यूको मुखारविन्दबाट प्रवाहित सत्सङ्गामृत ग्रहण गर्नुहुन सपरिवारलाई हार्दिक निमन्त्रणा गर्दछौँ।
स्थान : शङ्कराचार्यमठ, पशुपति काठमाडौँ
आयोजक : शङ्कराचार्यमठ सत्सङ्ग परिवार
9851011238/9742826751 msgurukulam@gmail.com gurukulam.edu.np

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क ३, २०८२ पूर्णाङ्क २३५

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

मङ्सिर २०८२

सोमबार	१	८	१५	२२	२९
मङ्गलबार	२	९	१६	२३	गौरी
बुधवार	३	१०	१७	२४	गौरी
बिहीबार	४	११	१८	२५	गौरी
शुक्रबार	५	१२	१९	२६	गौरी
शनिवार	६	१३	२०	२७	गौरी
आइतवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

दुवै जितेन्द्रिय ब्रह्मचारीका विच घनघोर युद्ध भयो। युद्ध टुङ्गिने लक्षण नै देखिएन। अन्तमा परशुरामले अम्बालाई भने- 'बरू तिमी भीष्मसँग नै जाऊ केही उपाय बताउँछन् कि !' यति भन्दै युद्ध छोडेर परशुराम हिमालयतर्फ लागे।

जति जे गरेपनि आफूले चाहेको कुरा नभएपछि अम्बा अत्यन्त क्षुब्ध मन लिएर हिमालय कैलाशमा महादेवको शरणमा तपस्या गर्न लागिन्। महादेव प्रसन्न भएर दर्शन दिनुभयो। 'तिम्रो अर्को जन्ममा तिम्रै हातबाट भीष्मको अन्त हुनेछ' भनेर महादेव त्यहाँबाट अन्तर्ध्यान हुनुभयो।

जति सक्यो छिटो बदला लिन अम्बा आतुर थिइन्। अनि स्वाभाविकः तरिकाले आफ्नो मृत्यु हुने कहिले हो कहिले भन्ने ठानिन्। उनलाई भित्रभित्रै औडाहा भैरहेको थियो। उनी रिसले चूर थिइन्। के ठीक के बेठीक भनी सोच्नै सकेकी थिइनन्। अन्तिममा दनदनी बलेको आगोमा हामफालेर उनले आफ्नो प्राण विसर्जन गरिन्। महादेवको वरदान अनुसार अर्को जन्ममा द्रुपद राजाकी छोरी भएर जन्म लिइन्।

अघिल्लो जन्मको प्रतिशोध दोस्रो जन्म लिएर पनि उनमा जीवितै थियो र पूर्व जन्मको घटना उनलाई पूरै याद थियो। त्यही सम्झेर केटाकेटीमै खेल्दै डुल्दै जाँदा द्रुपदको ढोकामा झुण्ड्याइएको माला झिकेर आफैले लगाइन्। भगवान् कार्तिकेयले अम्बालाई पहिलो जन्ममा वरदानमा दिएको कमलको माला आफ्नी छोरीले लगाएको देखेर राजा धेरै डराए। किनकि उनलाई थाहा थियो त्यो माला लगाएर भीष्मसँग युद्ध गर्नेले भीष्मको वध गर्न सक्नेछ। मनमा प्रतिशोध लिएकी छोरीको व्यवहार देखेर केही गरी भीष्मसँग विरोध भयो भने आफ्नो सर्वनाश हुन्छ भन्ने देखेर द्रुपदले छोरीलाई आफ्नो दरबारबाट नै निकालिदिए।

आफूमा प्रतिशोधको भावना दन्किरहेको बेला पनि उनी कत्ति विचलित नभै जङ्गलमा गएर घोर तपस्या गर्न लागिन्। पछि स्थूणाकर्ण यक्षको वरदानको फलस्वरूप स्त्री रूपबाट पुरूषको रूप प्राप्त गरिन्। त्यहाँबाट उनी शिखण्डी नामले प्रख्यात भइन्।

कच र देवयानीको कथा

देवताका गुरू बृहस्पति चारै वेदका ज्ञाता एवम् विद्वान् थिए। त्यस्तै दैत्यका गुरू शुक्राचार्य पनि धुरन्धर विद्वान् थिए र उनीसित मरेकालाई पनि ब्युताउने सञ्जीवनी विद्या थियो।

देवता र दानवबीच सधैंजसो युद्ध भइरहन्थ्यो। परस्परको लडाइँमा देवता मरेको मरै हुने तर राक्षसहरूलाई भने गुरू शुक्राचार्यले ब्युताइदिने, अनि युद्ध गर्न आइहाल्ने गर्नाले देवताहरू ज्यादै चिन्तित थिए।

एकदिन सबै देवता मिलेर गुरू बृहस्पतिका छोरा कचलाई भने- "हेर वावु, तिमी शुक्राचार्य कहाँ पढ्न जाऊ। ब्रह्मचर्यमा रहेर गुरूको हरेक आज्ञा शिरोपर गरी निरन्तर सेवाबाट गुरूलाई खुशी तुल्याऊ। उनकी परम सुन्दरी छोरी छन्, तिनलाई पनि खुशी बनाऊ। अनि शुक्राचार्यसित सञ्जीवनी शिक्षा सिकेर मात्र घर आऊ" भनी सल्लाह दिए। देवताका कुरा कचले सजिलै स्वीकार गरे।

गुरु शुक्राचार्य दैत्यराज वृषपर्वाको दरबारमा बस्थे। उनी सरासर शुक्राचार्य कहाँ पुगे। गुरूजीलाई प्रणाम गर्दै भने- "हे आचार्य म अङ्गिरा ऋषिको नाति, बृहस्पतिको छोरा, हजुरको आश्रममा बसेर ब्रह्मचर्य धारण गरी विद्या अध्ययन गर्न चाहन्छु।"

त्यतिबेलाको चलन के थियो भने योग्य कुलको बटुक पढ्न आउँदा पढाइदिनु पर्थ्यो। पढिन्जेल आश्रमको नियमानुसार रहने, बस्ने, खाने गर्नुपर्थ्यो। कचको कुलको परिचय पाउनुका साथै दृढ अठोट देखेर उनको अनुरोधलाई शुक्राचार्यले स्वीकार गरे। कचले गुरूकुलका सबै नियमको पालना गर्नुको साथै गुरू शुक्राचार्य एवं गुरू पुत्री देवयानीको दिलो ज्यान दिएर सेवा गरे। यस्तैमा विभिन्न शिक्षा ग्रहण गर्दा धेरै वर्ष बिते। शिष्य कच र गुरूपुत्री देवयानीविच भलाकुसारी र भेट भइरह्यो। उनीहरू नजिकिंदै गए। क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा- ३, तान्द्राङ, गोरखा

सम्पादकीय

गीताको ज्ञान

मङ्सिर शुक्ल पक्षको एकादशी तिथिलाई मोक्षदा एकादशीको रूपमा चिनिन्छ । मोक्षदा एकादशीलाई गीता जयन्ती पनि भनिन्छ । द्वापर युगमा भगवान् श्रीकृष्णले अर्जुनलाई यसै दिनमा गीताको उपदेश दिनुभएको मान्यताको आधारमा मोक्षदा एकादशीलाई गीता जयन्ती भनिएको हो ।

महाभारतको भीष्म पर्वमा समेटिएको भगवान् श्रीकृष्ण र अर्जुन बीचको सम्वादलाई श्रीमद्भगवद्गीताको नामले चिनिन्छ । अर्जुन युद्धभूमिमा उत्पन्न भएको नैतिक–मानसिक द्वन्द्वबाट थलिएका बेला भगवान् कृष्णले दिएको उपदेश नै गीता हो । गीता मूलतः एउटा दार्शनिक–आध्यात्मिक ग्रन्थ हो । मानवमात्रको लागि अत्यन्तै उपयोगी 'गीता' कुल १८ अध्याय र ७०० श्लोकमा समेटिएको छ । गीताको मर्म अनुसार हामी 'शरीर' मात्र होइन, अविनाशी आत्मा हौँ । आत्माल मर्ने–जन्मिने केही हुँदैन । त्यसैले जस्तो सुकै परिस्थितिमा पनि आफ्नो कर्तव्यबाट पछि हट्नु उचित हुँदैन भन्ने सन्देश गीताले दिएको छ । जीवनमा कठिनाइ, द्वन्द्व र पीडा अनिवार्य छन्, तर त्यसलाई आत्मज्ञान, विवेक र निष्काम कर्मद्वारा पार गर्न सकिन्छ । त्यसैले गीता, जीवनका सबै अवस्थाहरूमा मनुष्यले कसरी सही मार्ग रोज्ने भन्ने आदर्श शिक्षामा केन्द्रित छ ।

गीताले कर्मयोग (कर्तव्य), ज्ञानयोग (आत्मज्ञान) र भक्तियोग (समर्पण) गरी तीन प्रमुख मार्ग देखाउँछ । फलप्रतिको लोभ–आसक्तिबाट मुक्त भएर निष्काम कर्म गर्ने सन्देश कर्मयोगले दिन्छ भने ज्ञानयोगले मानिस केवल शरीर मात्र होइन, अविनाशी आत्मा हो भनेर सिकाउँछ । त्यसैगरी भक्तियोगले मानिसमा प्रेम, विश्वास र समर्पणको भाव जागृत गराउँदछ ।

गीता केवल अध्ययन र अध्यापनको विषय होइन, यो त अनुशरण र अनुभूतिको विषय हो । आवरणमा परिवर्तन गरिनुभन्दा आचरणमा परिवर्तन गर्नु महत्वपूर्ण हुन्छ । त्यसैले गीताका उपदेशलाई जीवनमा प्रयोग गरौं, यसैमा सबैको कल्याण छ । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

शिवले .... अग्निहोत्री रामप्रसाद गौतम — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५

अध्यातम

आध्यात्मिक..श्री अघोरी श्मशानेश्वर चण्डी — ७

आध्यात्मिक वार्ता

वेदान्त विचार... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — ९

कविता

धर्म विज्ञान — प्रा.डा. ऋषिराम पोखरेल — ११

प्रेरक कथा

सबै दिन एक समान हुँदैन — उर्मिला पन्त — १६

समसामयिक

श्रीरामको .... सह प्रा.डा. विनु बाबा अर्याल — १७

साहित्य चर्चा

महाभारत महाकाव्य — पं. वेदप्रसाद पन्त — २१

खोज

ब्रह्मा : एक परिचय — भागवतश्री न्यौपाने — २७

समाज

वैवाहिक सम्वन्ध र... अनु. अस्मिता नेपाल — ३२

गतिविधि — ३४

शिवले मृगरूप धारण

- अग्निहोत्री रामप्रसाद गौतम

हिमालको दक्षिण भूमि हेर
नेपालमा सिद्धि हुने भनेर ।
गर्थे तपस्या मुनि साधु सन्त
श्लेष्मान्तको जङ्गलमा अनन्त ॥ (१)

गुफा र ओडार थिए प्रशस्त
आराम गर्थे त्यसमा समस्त ।
महर्षि योगी मृग जीवजन्तु
लिने त्यहीँ आश्रय ती परन्तु ॥ (२)

झर्ना झरी झर्झर शैलबाट
प्रकाश त्यस्मा परि सूर्यबाट ।
इन्द्रेणिको सुन्दर त्यो उपर्ना
ओढेर झर्यो वर तुल्य झर्ना ॥ (३)

झर्थ्यो त्यहाँ झर्झर धेर गर्दै
सौन्दर्य त्यो हेर्न गए दगुर्दै ।
झर्ना खस्यो लौ जब सूर्यघाट
हेर्थे कयौँ मानिस पारिबाट ॥ (४)

विशाल बाक्लो वनभूमि भित्र
शोभा दिने कुञ्जलता विचित्र ।
तडाग राम्रो वनमा तमास
खेल्थे त्यहाँ सारस राजहाँस ॥ (५)

फुली अहो पङ्कज बेल बेली
जाई जुही चम्पक औ चमेली ।
देखी मजा सुन्दर त्यो हवेली
भिंक्याउथे धेर चरी परेली ॥ (६)

महेश त्यो जङ्गल भूमिभित्र
स्वयं भए ती मृग लौ विचित्र ।
तेजी सुनौलो तन शुभ्रबुट्टे
अत्यन्त राम्रा मृग एकखुट्टे ॥ (७)

आँखा थियो तीन र सीङ एक
तीखो थियो दाँत सुरम्य नाक ।
चिल्लो तथा पुष्ट शरीर राम्रो
दोटा थियो कान विशेष चाम्रो ॥ (८)

लिएर भोला मृगरूप हेर
उफ्रेर दौडे वनमा रमेर ।
प्रसन्न भै अन्य कुरङ्ग धेर
गर्थे सदा प्रेम सबै मिलेर ॥ (९)

ऐंसेलु चुत्रो लहरा र पात
मीठो कलीलो तृण वृक्ष जात ।
सुङी विचारी अनि भोज्य छानी
मिलेर खान्थे सब वस्तु तानी ॥ (१०)

नदी किनारा नरमी सु घाँस
वर्षे त्यहाँ गै मृग एकनास ।
भई चनाखो सबतर्फ हेर्थे
श्री वाग्मतीको जल पान गर्थे ॥ (११)

क्रीडा गरी मस्त भएर नाच्दा
चाट्थे मजाली रति प्रेम गर्दा ।
ओढार औ आश्रमका समीप
आराम गर्थे सब चुप चाप ॥ (१२)

क्या प्रेम गर्थे मृगिणी अपार
हल्लाउदैँ पुच्छर बार-बार ।
आनन्द पाइन्छ भनेर होला
बोलाउँथे ती मृगरूप भोला ॥ (१३)

त्यै मेघ बाजा नभमा बजाए
कुरङ्गरूपी शिवले समाए ।
उठाउदैँ पुच्छर आङ भाँचे
मृगस्थलीमा मृग धेर नाचे ॥ (१४)

बास्ना चलाई शिव साथ पाई
सु-शान्ति आई मनमा रमाई ।
खान्छन् सधै ती वनका कमाई
पवित्र हुन्छन् तप यज्ञ लाई ॥ (१५) (शिवदर्शन महाकाव्यबाट)

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

अन्वयः इन्द्रियाणि, मनः बुद्धिः अस्य अधिष्ठानम् उच्यते । एष एर्ते ज्ञानम् अवृत्य देहिनै विभोहयति ।

सरलार्थः इन्द्रियहरू, मन र बुद्धि यस कामका वासस्थान मानिएका छन् । यी बुद्धि, मन र इन्द्रियहरूको माध्यमबाटै ज्ञानलाई ढाकेर यसले जीवात्मालाई मोहित तुल्याउँछ ।

भावविशारदः कामको परिचय शत्रुका रूपमा दिइसकियो र त्यो अत्यन्त अहितकर भयङ्कर शत्रु हो भन्ने

पनि पत्तो पाइयो । त्यसबाट बच्नु पर्ने कुरा पनि संझाइयो । अब त्यो शत्रु बस्ने ठाउँ कहाँ छ त भन्ने प्रश्नको उत्तरका रूपमा भगवान् यो कुरा बताउँदैहुनुहुन्छ । इन्द्रियहरू मन र बुद्धि हुँदै आत्माको उत्पन्न निकट स्थल नै यो पुगिसकेको हुने रहेछ भन्ने यसबाट थाहा हुन्छ । आत्माको अत्यन्त निकट एक तह मुनिको बुद्धिमा डेरा गरेर बस्ने त्यस कामले बुद्धिकै सहायताबाट मनलाई प्रभावित पार्दछ । अनि बुद्धि र मन एकोहोरिएपछि सम्पूर्ण इन्द्रियहरू उसको इशारामा परिचालित हुन पुग्दछन् । साधक जव कामको प्रकोपमा परेर आच्छादित हुन पुग्दछ अनि विवेकहीन बनेर ऊ पतनको खाल्टोमा झर्नपुग्दछ । इन्द्रियका गतिविधिहरूको मूल केन्द्रविन्दु बुद्धिमा नै कामले अड्डा जमाएपछि बुद्धिमा त्यसको दरो प्रभाव पर्न जान्छ अनि त्यसले मनलाई समेत विगारेपछि म कर्ता हुँ म भोक्ता हुँ जस्तो अहंभावको अँधेरोले प्राणीलाई जेल्न थाल्दछ । त्यस्तो अहंभावसित मनबुद्धिको सम्पर्कले जीवात्मालाई पनि प्रभावित नपारी छोड्दैन । अनि विषयभोगमा लहरिएका मन बुद्धिसँगै जीवात्मा पनि भोगमा सुखबुद्धि गर्न थाल्दछ । यसरी यस श्लोकले ज्ञानमावृत्य देहिनम् विमोहयति भनेर इङ्गित गरेको परिणाम यसरी सिर्जत हुन पुग्दछ ।

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ।४१।

अन्वयः हे भरतर्षभ, तस्मात् त्वम् आदौ इन्द्रियाणि नियम्य ज्ञानविज्ञाननाशनम् पाप्मानम् एनम् प्रजहि हि

सरलार्थः त्यसैले हे अर्जुन ! तिमी पहिले इन्द्रियहरूलाई संयमित गरेर ज्ञान र विज्ञान दुवैको नाश गर्ने यस पापी कामलाई मारी नै देऊ ।

भावविशारदः कामरूप शत्रुलाई मारिदिने आह्वान गर्दै भगवान्ले यस श्लोकमा त्यसको उपाय बताउनुभएको छ । कामले प्रवेश गर्ने र जसले मारिने ठाउँ इन्द्रियहरू हुन् । तिनलाई वशमा गरेर प्रवेश गर्ने द्वार नै बन्द गरिदिएपछि ज्ञान र विज्ञान दुवैको विनाशकारी कामरूप शत्रु स्वयं निर्मूल हुन्छ । इन्द्रियरूप मूल द्वार नै बन्द भएपछि मनसम्म पुग्ने बाटो पनि बन्द हुन्छ । अनि बुद्धिसम्म पुग्न त असंभव नै भइगयो । त्यसैले नजानिदो गरी प्रवेश गरेर ज्ञान

विज्ञान दुवैलाई नष्टै पारिदिने शत्रु कामलाई इन्द्रियहरूको नियमनद्वारा मार्न सकिने कुरा यस श्लोकमा बताइएको छ । यहाँ ज्ञान र विज्ञान शब्दको उल्लेख भएको छ । यसको बारेमा विचार गर्नु सामयिक हुनेछ । ज्ञान शब्दले यहाँ आत्मासम्बन्धी ज्ञानलाई मान्नु उपयुक्त हुन्छ । शरीरको नश्वरता र आत्माको अविनाशी रूपलाई विवेक गरेर शरीरभन्दा आत्मा भित्र भएको अनुभूति गर्ने ज्ञान (विवेकयुक्तज्ञान) नै यहाँ ज्ञान शब्दले लिएको मान्नुपर्दछ । त्यसैगरी विज्ञान शब्दले तान्त्रिक ज्ञानलाई संभन्नु पर्दछ ।

जीवात्मा परमात्माको अंश हो भन्ने मूल तत्त्वलाई हृदयङ्गम गर्दै चेतन आत्मा र परमात्मा बीचको सम्बन्ध, सर्वेश्वर भगवान् वासुदेव उहाँकी शक्तिस्वरूपा प्रकृति, अनन्त शक्ति एवम् विभूतिहरूसहित भगवत्सत्ताको परिचय यी सबै कुरा विज्ञानभित्र पर्दछन् । श्रीमद्भागवत द्वितीय स्कन्धमा भगवान्ले ब्रह्मालाई दिनुभएको चतुश्लोकी भागवततत्त्वज्ञानको उल्लेख यसरी नै ज्ञान विज्ञान शब्दद्वारा प्रतिपादित भएको छ–

ज्ञानं परमगुह्यं मे पद्विज्ञानसमस्थितम् ।
परत्पयं तद च गुह्याण गरिनं मया ॥(श्रीमद्भागवत् २/९/३०)

कामलाई यहाँ ज्ञान विज्ञान नाशनम् भन्ने विशेषण लगाएर ज्ञान र विज्ञान दुवैलाई नष्ट गरिदिने भनेर चिनाइएको छ । वास्तवमा ज्ञान र विज्ञान दुबैलाई कामले नाश गरिदिने होइन, यिनलाई उत्पन्न हुनै नदिई कामले ढाकिदिन्छ, डुवाइदिन्छ । पहिले यही कुरा आइसकेको छ । प्रकट हुनै नदिएपछि त्यो रहनै पाएन अनि नाश भए बराबर भयो । यसरी प्रकट हुनै नदिई अज्ञानको आवरणले छोपी राख्नु नै कामले गरेको नाश हो भन्ने संभन्नु पर्दछ । मन र इन्द्रियहरूको निगमन गर्ने उपायको रूपमा भगवद्गीताको निर्देश अनुरूप ज्ञान र वैराग्यको सहायता लिन सकिन्छ । तर नारदपञ्चरात्रले निर्देश गरे अनुसार चल्ने हो भने यो अझ सरल हुन सक्दछ । भक्तिको वर्णन गर्दै नारदपञ्चरात्रमा भनिएको छ–

सर्वोपाधिविर्निमुक्तं तत्परत्वेन निर्मलम्
हृषीकेण हृषीकेशसेवनं भक्तिरुत्तमा ।

अर्थात् कुनै पनि एषणा मनमा नलिई तत्पर बनेर निर्मलतासाथ इन्द्रियहरूद्वारा इन्द्रियहरूका स्वामी भगवान् हृषीकेशको सेवा गर्नु उत्तम भक्ति हो । कानले प्रभुका अमृतमय कथा श्रवण गर्नु, आँखाले प्रभुका रूपमाधुर्यको पान गर्नु, रसनाले भगवान्मा अर्पित प्रसाद ग्रहण गर्नु, नासिकाले भगवान् सर्वेश्वरमा अर्पित तुलसी आप्राण गर्नु, हातले नित्य भगवत्पूजन, दीन दुःखीहरूलाई मद्दत गर्नु, पाउद्वारा भगवत्लीला भूमिहरूको पर्यटन गर्नु, यसरी भगवत्सेवामा नै सम्पूर्ण जीवन लगाउन सके इन्द्रियहरूलाई दमन नगरिकनै अन्तरमुखी (मनद्वारा नित्य भगवत्चिन्तन, बुद्धिद्वारा जीवनको परमलक्ष्यको नित्य अनुशीलन) बनाउन सकिने संकेत आगमशास्त्रहरूले दिएका छन् । इन्द्रिय निग्रहको प्रसङ्ग हुनाले यस संघर्षमा तिमी अवश्य विजय हुनेछौ भन्ने आश्वासनले भरिएको 'भरतर्षव' भन्ने सम्बोधन भगवान्ले यहाँ गर्नुभएको छ ।क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

मङ्सिर महिनाका पर्व तथा विदा

१ गते वृश्चिक संक्रान्ति/सोम प्रदोष व्रत
३ गते बाला चतुर्दशी व्रत (शतबीज छर्ने)
४ गते विश्व बाल दिवस/विश्व दर्शनशास्त्र दिवस
५ गते विश्व टेलिभिजन दिवस
९ गते विवाह पञ्चमी/षडानन्द जयन्ती गोरखकाली पूजा
१५ गते मोक्षदा एकादशी/गीता जयन्ती
१६ गते प्रदोष व्रत
१७ गते अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (विशेष क्षमता भएका कर्मचारीलाई मात्र)
१८ गते पूर्णिमा व्रत/धान्यपुर्णिमा/यःमरि पुन्हि/ज्यापु दिवस
२३ गते अन्तर्राष्ट्रिय भ्रष्टाचार विरूद्ध दिवस
२४ गते अन्तर्राष्ट्रिय मानव अधिकार दिवस
२६ गते गोरखकाली पूजा/अन्तर्राष्ट्रिय तटस्थ दिवस
२९ गते सफला एकादशी व्रत

आध्यात्मिक जीवन र नैतिकताको दीप



श्री अघोरी श्मशानेश्वर चण्डी

जीवन केवल शारीरिक अस्तित्व मात्र नभई एक आध्यात्मिक यात्रा पनि हो । यो यात्रा संघर्ष, सत्य र आत्मविकासको जगमा अघि बढ्दछ । जब जीवनलाई आध्यात्मिक र नैतिक दृष्टिकोणबाट हेरिन्छ, तब यसले व्यक्तिलाई आफ्ना जिम्मेवारी, व्यवहार र उद्देश्यप्रति सजग बनाउँछ ।

जीवनमा संघर्ष अनिवार्य छ । यो आत्मशुद्धि र आत्मोन्नतिका लागि मुलमार्ग हो । जसरी सुनलाई उज्यालो र शुद्ध बनाउन आगोमा जलाइन्छ, त्यस्तै मानिसलाई आफ्नो अस्तित्व वोध गर्न कठिन परिस्थितिको सामना गर्नैपर्दछ । जिम्मेवारीलाई निर्वाह गर्ने क्रममा बाहिरबाट जति नै ठुलो आधीवेहरी आए पनि भित्रबाट आशा, उत्साह र उमंगको श्वासप्रश्वास गर्दै आफ्नो कर्तव्यलाई निभाउने दृढताले नै जीवनको सार पुष्टि गराउँदछ । यसैले संघर्षलाई बोझ होइन, साधनाको रूपमा लिएर स्वीकार गर्न सक्नुपर्दछ ।

आध्यात्मिक दृष्टिकोणमा सत्य, व्यवहार र स्वभावको मूल्यांकनलाई सबैभन्दा उच्च स्थानमा राखेर हेरिन्छ । कसैको बानी बुझ्न उसलाई इज्जत गर, किनकि आदर सत्कारनै व्यक्तिको व्यवहारलाई दृश्यवोध गराउने दर्पण हो । कसैको स्वभाव बुझ्न स्वतन्त्रता दिनुपर्दछ किनकी स्वतन्त्रताले व्यक्तित्वको असली रूप प्रकट गराउँदछ । नियत र भरोसा नै सत्यका मार्गनिर्देशक हुन्, जुन नैतिक जीवनको आधारशिला हो ।

जीवनमा हरेक अभावले निराशा होइन, विश्वासको यात्रा गर्ने पाठ सिकाउँदछ । अभाव भनेको समाप्ति होइन, सुरुवात हो । यदि कुनै कुरा पुग्न सकेन भने निराश होइन आत्मसात गर्न सक्नुपर्दछ । आध्यात्मिकताको आधार भनेकै सन्तोष र विश्वास हो, जसले जीवनलाई उज्यालो र अर्थपूर्ण बनाउँदै लैजान्छ ।

हरेक व्यक्तिका लागि सत्य र स्वच्छता नैतिक जीवनको मेरूदण्ड हुन् । सत्यको मार्ग कठिन छ तर यसले आत्मशान्ति र दीर्घकालीन सफलता अवश्य प्रदान गराउँदछ । सत्य बोल्नेलाई समाजले कहिलेकाहीं एक्लो बनाउँछ, तर सत्यको प्रकाशले संसारलाई उज्यालो बनाउँछ । सत्यको साधनामा जीवन अर्पण गर्न सकियो भने मात्र आत्मोद्धारलाई सम्भव तुल्याउँछ ।

परिवर्तन जीवनको अनिवार्य नियम हो । बदला लिने प्रवृत्ति नैतिक दृष्टिले अस्वीकार्य छ । बदलामा मानिस आफ्नो आन्तरिक रूपलाई परिष्कृत गर्न, आफैँलाई बदल्न विवस हुन्छ । वदला प्रतिगमन हो भने परिष्कार परिवर्तनको मूल हो, जसले समाज र संसारलाई नयाँ दृष्टिकोण दिन सक्छ ।

आध्यात्मिक जीवनमा सही मार्गको छनौट सबैभन्दा महत्त्वपूर्ण कार्य हो । सत्य र न्यायको बाटो कहिलेकाहीं कष्टकर हुन सक्छ, तर अन्ततः यसले शान्ति, सन्तोष र सफलता दिन्छ । गलत मार्गले क्षणिक लाभ दिन सक्छ, तर यसले हृदयलाई गहिरो चोट पुर्‍याउँछ । त्यसैले, पैतालानै दुखे पनि सही बाटोमा हिँड्नुपर्छ, किनकि सही मार्गले मनलाई सधैं प्रशन्न बनाइरहन्छ ।

आध्यात्मिक जीवनमा गरिबीलाई सम्मानको दृष्टिले हेरिन्छ । दृश्यवतरूपमा द्रव्यधनको अभावमा गरिबी देखिएपनि यसमा मानिसको संघर्ष र स्वाभिमानको कथा

हुन्छ । गरिबको इज्जत गर्नेले नै आध्यात्मिक दृष्टिमा साँचो मानवतालाई सम्मानगर्ने अभ्यास गर्दछ । गरिबीको कारण सम्बन्ध तोड्नु भनेको मानवतामाथि अन्याय गर्नु हो ।

घमण्ड र स्वाभिमानबीच स्पष्ट भिन्नता छ । स्वाभिमानलाई संरक्षण गर्दै मानिसले आफ्नो कर्तव्यलाई सही रूपमा निभाउनुपर्छ । कसैले आफूप्रति सोच बदल्छ भने रिस र ईर्ष्याले होइन, स्वाभिमान र परिपक्व व्यवहारले उत्तर दिनुपर्छ । आत्मसम्मानले नै मानिसलाई आफ्नो जीवनको उच्चतम उद्देश्यको गन्तव्यतर्फ डोऱ्याउँदछ ।

यसर्थ, जीवनले संघर्ष, सत्य र परिवर्तनको माध्यमबाट नै आफ्नो सार्थकता सिद्ध गराउन सक्दछ । जब हामी सत्य, स्वाभिमान र आत्मोन्नतिको पथलाई अँगाल्छौं, जीवन केवल व्यक्तिगत यात्रामा सीमित रहँदैन, यो समाज र संसारलाई उज्यालो पार्ने नैतिकता र आध्यात्मिक ज्ञानको प्रकाशदीप बनेर प्रज्वलित हुन पुग्दछ । आध्यात्मिक र नैतिक दृष्टिकोणले जीवनलाई नयाँ आयाम दिन्छ, जसले व्यक्ति र समाजलाई उन्नत बनाउँछ ।❖

– अघोर आश्रम, देवघाटधाम

हार्दिक समवेदना

स्वर्गीय तेजप्रसाद पौड्याल

यस गौरी मासिक पत्रिकाका शुभचिन्तक एवम् आत्मीय भाइहरू विकास पौड्याल र दीपेश पौड्यालका पुजनीय पिता तेजप्रसाद पौड्यालको गत असोज ३० गते असामयिक निधन हुन गएकाले उहाँको चीर शान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा भाइहरू सहित सम्पूर्ण शोकाकुल परिवारजनमा भगवान् श्रीपशुपतिनाथले धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

गौरी मासिक पत्रिका

अवसरको सदुपयोग

कुनै समय एउटा सहरमा एकजना धनी मानिस बस्थे । उनको अनौठो सोख थियो । उनले आफ्नो घरको हाताभित्र एउटा ठुलो स्विमिङ पुल बनाएर ठुल्ठुला गोही, सर्प आदि पालेका थिए । एकपटक उनले आफ्नो घरमा ठुलो भोजको आयोजना गरेर धेरै पाहुनालाई आमन्त्रित गरे ।

पार्टीमा खानपिन चल्दै गर्दा उनले सबै पाहुनालाई स्विमिङ पुलमा लगे र भने– साथीहरू ! यो पोखरीमा निकै खतरनाक प्राणी छन् । यदि तपाईंहरूमध्ये कसैले पौडी खेलेर यसलाई पार गर्नुभयो भने म उसलाई एक करोड रूपैयाँ या मेरी छोरी दिनेछु । सबैले पोखरीतिर हेरे तर कसैले पनि हामफाल्ने हिम्मत गरेनन् । तर, अचानक त्यहाँ 'छप्ल्याक्क'को आवाज आयो । सबैले आवाज आएतिर हेर्दा एउटा केटो गोही, सर्प आदिबाट जोगिँदै पौडिन थाल्यो र उसले सुरक्षित रूपमा पोखरी पार पनि गऱ्यो ।

उसको हिम्मत देखेर सबै छक्क परे । धनी मानिसले कसैले यस्तो काम गर्न सक्छ भन्ने कल्पना पनि गरेको थिएन । यतिका वर्षमा पोखरीको पानी छुन पनि कसैले हिम्मत गरेको थिएन । व्यापारीले त्यस केटालाई बोलाएर भने, 'तिमीले निकै बहादुरीको काम गऱ्यौ, तिमी साँच्चै बहादुर रहेछौ । म तिमीलाई वाचाअनुसारको इनाम दिन्छु । भन, तिमी कुनचाहिँ इनाम लिन चाहन्छौ ?'

केटाले यताउता हेरेर भन्यो– इनाम त पछि लिँदै गरूँला । पहिले यो भन्नुस् त, मलाई धक्का दिएर पोखरीमा खसाउने को हो ? सुन्दा सानो ठट्टा भए पनि यस कथामा एउटा ठुलो सन्देश लुकेको छ– त्यो केटासँग पौडी खेल्ने क्षमता थियो । तर, ऊ आफैँ हाम फाल्न सकिरहेको थिएन । तर, कसैले धकेलिदिँदा उसले पोखरी पार गऱ्यो । यदि उसलाई कसैले धक्का नदिएको भए, उसले कहिल्यै हाम फाल्ने थिएन र पोखरी पार गर्ने पनि थिएन । हामीले जीवनका चुनौतीमा हाम नफाली हार स्वीकार गर्छौं । तर, हामीले आफ्नो क्षमतामा विश्वास गरेर जीवनमा प्राप्त अवसरहरूको सदुपयोग गर्नबाट चुक्नु हुँदैन । ❖

प्रस्तुतिः कपील बञ्जारा, भीमसेनथापा-४ गोरखा

वेदान्त विचार; मायावाद र श्रीरामकृष्ण

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

(महिमाचरणप्रति) वेदान्तविचारमा संसार मायामय छ– स्वप्न जस्तै मिथ्या छ । जो परमात्मा हुनुहुन्छ उहाँ नै साक्षीस्वरूप हुनुहुन्छ– जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्थाहरूको साक्षीरूप । यी सब तिम्रै नै भावको कुरा हो । स्वप्न जति सत्य छ, जागृति पनि उत्तिकै सत्य छ । तिम्रो भावको बारेमा एउटा कथा भन्छु सुन ।

"कुनै देशमा एकजना खेतीवाल बस्थ्यो । ऊ ठूलो ज्ञानी थियो, खेतीपाती गर्थ्यो, स्वास्नी पनि थिई, धेरै समयपछि एउटा छोरो भएको थियो । उसको नाम हारू थियो । बच्चामाथि आमाबाबु दुवैको अपार स्नेह थियो किनकि एक मात्र नीलमणि जस्तो धन थियो । किसान धर्मात्मा थियो । गाउँभरका सबै मानिस उसलाई मन पराउँथे । एक दिन ऊ खेतमा काम गरिरहेको थियो, कसैले आएर खबर दियो, हारूलाई हैजा भयो । किसानले घर आएर उसको धेरै औषधिमूलो गऱ्यो, परन्तु अन्तमा छोरो बित्यो ।

घरका सबैजनालाई ठूलो शोक भयो । परन्तु किसानलाई केही भएको जस्तो नै छैन, उल्टै ऊ सबैलाई सम्झाउँथ्यो कि शोक गरेर केही काम छैन । ऊ फेरि खेती गर्न फर्केर गयो । घर फर्केपछि उसले देख्यो स्वास्नी रोइरहेकी छे । उसले आफ्नो लोग्नेलाई भनी तिमी ज्यादै निस्ठुरी रहेछौ । छोरो मर्दा पनि तिम्रा आँखाबाट आँसुका थोपा खसेनन् ! तब त्यस किसानले स्थिर भएर भन्यो, "म किन रोइन भनूँ ? हिजो मैले एउटा गज्जबको सपना देखेको थिएँ, म राजा भएको रहेछु र मेरा आठजना राजकुमार रहेछन् र म बडो सुखमा थिएँ । त्यसपछि आँखा खुलिहाले, अब मलाई ठूलो चिन्ता छ, म आफ्ना आठ छोराहरूका लागि रोऊँ या तेरो एउटा यो छोराका लागि रोऊँ ?"

किसान ज्ञानी थियो, यसैले उसले देखिरहेको थियो कि स्वप्नको अवस्था जसरी मिथ्या थियो, उसै गरी जागृतिको अवस्था पनि मिथ्या थियो । अनि एक नित्य वस्तु केवल आत्मा नै हो ।

"म सबै कुरा लिन्छु, तुरीय र जागृत, स्वप्न, सुषुप्ति, सबै कुरा । पछिल्ला तीनै अवस्थाहरूलाई मान्छु । ब्रह्म र माया, जगत् सबै लिन्छु (मान्छु) । मैले केही कम लिएँ भने मलाई पूरा वजन हुन्न ।"

एक भक्त– वजनमा किन घट्छ ? (सबै हाँस्छन्)

श्रीरामकृष्ण– ब्रह्म जीवजगत् विशिष्ट हुन् । पहिले 'नेति नेति' गर्दा बखत जीव, जगत्लाई छोडिदिनुपर्छ । अहम् बुद्धि जबसम्म हुन्छ, तबसम्म उहाँ नै सबै हुनुभएको हो, यस्तो भासित हुन्छ, चौबीसै तत्त्व उहाँ नै हुनुभएको हो ।

"बेलको सार के हो भन्दा त्यसको गुदी नै हो भन्ने बुझिन्छ, त्यसबखत बियाँ र खपटा निकालिदिनुपर्छ तर बेलको तौल कति थियो भन्नुपर्ने आवश्यकता पऱ्यो भने त खाली गुदी जोखेर काम चल्न सक्दैन । जोख्दाखेरि गुदी, बियाँ, खपटा सबै चिज लिनुपर्छ । जसको गुदी छ, त्यसको बियाँ पनि छ र खपटा पनि छ । जसको नित्यता छ, लीला पनि उनैको हो ।"

"यसैले म नित्यता र लीला सबै मान्छु । संसारलाई माया भनेर उसको अस्तित्व लोप गर्दिनँ । यदि मैले त्यसो गरेँ भने पूरा वजन पाइन्न ।"

महिमाचरण– यो निकै राम्रो सामञ्जस्य हो । नित्यताबाटै लीला हुन्छ र लीलाबाट नै नित्यता हुन्छ ।

श्रीरामकृष्ण– ज्ञानी सबै कुरा स्वप्नवत् देख्छन् ।

भक्तगणहरू सबै अवस्थाहरू मान्छन् । ज्ञानी दूध त दिन्छन् तर थोपा थोपा गरेर । (सबै हाँस्छन्) कुनै-कुनै गाई यस्ता हुन्छन्, घाँस रोजी-रोजी खान्छन् (चर्छन्), यसैले दूध पनि अलि-अलि गरेर दिन्छन् । जुन गाईहरू यसरी नरोजीकन सबै जेजे अगाडि आउँछ, ती खान्छन् उनीहरू दूध पनि खुब धार पारेर दिन्छन् । उत्तम भक्त नित्य र लीला दुवै नै मान्छन्, यसैले नित्यबाट मन उत्रेर आउँदाखेरि पनि लीला आनन्द आस्वादन गर्छन् । उत्तम भक्त घ्वारघ्वार धार पारी दूध दिन्छन् । (सबै हाँस्छन्)

महिमा- जे पायो त्यही खाने, गाईको दूधमा केही गन्ध आउँछ नि ? (सबैजना हाँसे)

श्रीरामकृष्ण (अलि हाँसेर)- हो, आउँछ तर फेरि उमाल्नुपर्छ । ज्ञानाग्निमा दूध केही गरम गरियो भने गन्हाइरहँदैन । गन्ध हट्छ । (सबै हाँस्छन्)

(महिमासँग)- ॐकारको व्याख्या तिमीहरू केवल यही गर्छौ होइन, अकार, उकार, मकार ।

महिमाचरण- अकार, उकार, मकारको अर्थ हो, सृष्टि, स्थिति र प्रलय प्रलय हुनु, स्थूल, सूक्ष्म र कारणबाट महाकारणमा लीन हुनु, जागृत, स्वप्न र सुषुप्तीबाट तुरीयमा लीन हुनु ।

श्रीरामकृष्ण- म उपमा दिन्छु, घण्टाको टङ्कारबाट । ट्-अ-म् । लीलाबाट नित्यमा लीन हुनु ।

घण्टा बज्नु मानौँ महासमुद्रमा एक वजनदार चिज खस्नु हो । अनि छालहरू उठ्न शुरू हुन्छ : नित्यबाट लीला आरम्भ हुन्छ, महाकारणबाट स्थूल, सूक्ष्म र कारण शरीरको उद्भाव हुन्छ, तुरीयदेखि जागृत, स्वप्न र सुषुप्ती यी सबै अवस्थाहरू आउँछन् । त्यसपछि महासमुद्रको तरङ्ग महासमुद्रमा नै लीन हुन जान्छन् । नित्यदेखि लीला र लीलादेखि नित्य । यसैले म टङ्कारको उपमा दिने गर्छु ।

मैले यो सबै यथार्थ रूपमा देखेको छु । मलाई उहाँले नै देखाइदिएको हो, चित् समुद्र छ, त्यसको वारपार केही छैन, त्यसैबाट यी सब लीलाहरू उठ्छन् र फेरि त्यसैमा लीन भएका छन् । चिदाकाशमा करोडौँ ब्रह्माण्डको उत्पत्ति भएर ती त्यसैमा लीन भएका छन् । तिमीहरूको पुस्तकमा के लेखेको छ, ती सब म जान्दिनँ ।

महिमा- जसले देखेका छन्, उनले शास्त्र लेखेकै हुँदैन, ती त आफ्नै भावमा मस्त रहन्थे, शास्त्र कुन बेला लेख्ने ? लेख्न बस्दा केही हिसाबी बुद्धिको जरूरत पर्छ नै । तिनैबाट सुनेर अरूले लेखेका हुन् ।

श्रीरामकृष्ण- संसारीहरू सोध्दछन्, "कामिनी र काञ्चनको आसक्ति किन जाँदैन ?" "अरे भाइ, उनलाई प्राप्त गरे पो आसक्ति जान्छ । यदि एक चोटि (मात्र) ब्रह्मानन्द पाइयो भने इन्द्रियसुख वा अर्थ वा सम्मान आदि कतैतिर पनि मन जाँदैन ।"

"किराले उज्यालो एक चोटि देख्यो भने फेरि अँध्यारोतर्फ जाँदैन ।" "रावणलाई कसैले सोधेको थियो, तिमी सीताका लागि मायाबाट अनेक रूप धर्छौ, एक चोटि रामरूप धारण गरेर सीताकहाँ किन जाँदैनौ ? रावणले भन्यो, 'तुच्छं ब्रह्मपदं, वरवधूसँग कुतः' -जब श्रीरामको चिन्तन म गर्छु, त्यसबखत ब्रह्मपद पनि तुच्छ लाग्छ । पराई स्त्रीको कुरै के भयो र ? त्यसैले रामको रूप धारण गरेर के गर्ने ?"

अनुवादक- प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी
श्रीरामकृष्णवचनामृतबाट अनुदित

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-



श्रीरामकृष्ण आश्रम, नेपाल
ज्ञानेश्वर काठमाडौं,
मो. ९८६२५९६५७२

धर्म विज्ञान

प्रा.डा. ऋषिराम पोखरेल

मेरो भनाइ

विश्वमा धर्मका निम्ति अनेकौं द्वन्द्व देखिए ।
धर्मका नाममा राष्ट्र विभाजित गराइए ॥१॥

अहिले यो राष्ट्रभित्र जनजाति कुरा उठ्यो ।
विधर्मीकै आड पाई आपसी द्वन्द्व उर्लियो ॥२॥

क्षेत्रीयता र भाषाको खिचलो तव थालियो ।
जव ता राष्ट्र यो धर्म निरपेक्ष बनाइयो ॥३॥

अखण्डता एकताको आदर्शमार्ग छोडियो ।
गिद्ध आँखा यहाँ गाडी घुमेको देख्न थालियो ॥४॥

यहाँका जनता छैनन् निरपेक्ष रूचाउने ।
यहाँ लिए जनमतै स्वयं देखिन्छ के हुने ॥५॥

संसारमा धर्म भाषा प्रचार गर्न सक्रिय ।
विधर्मीले भित्र भित्रै नेता पारेर निस्क्रिय ॥६॥

आफ्नो संस्कार मर्यादा छोडी संस्कृति नै पनि ।
नेता स्वयं विक्न गए पुरस्कृत बने अनि ॥७॥

विदेशी र विधर्मीका सहयोग र दानले ।
परनिर्भरता बढ्छ ऋण बोक्नेछ देशले ॥८॥

पैले भारतमा जस्तै राष्ट्र पारी दबाबमा ।
पछि आफैं राज गर्लान् भन्ने सोची यथार्थमा ॥९॥

मीठो पाई भग्न बनी गुलियो स्वादमा भुली ।
लोभी झिंगा मरेजस्तै नेता गिर्छन् स्वयं जली ॥१०॥

देखी संझी विश्वको त्यो इतिहास सबै पढी ।
लिएर शिक्षा सोबाट सावधान बनौं भनी ॥११॥

यथार्थमा धर्म के हो किन चाहिन्छ राष्ट्रमा ।
यही कुरा स्पष्ट पार्नु आवश्यक भयो यहाँ ॥१२॥

राम्रो संस्कार नभए द्रव्य या मानिसै पनि ।
सुसंस्कृत तथा सभ्य बन्दैन कहिल्यै पनि ॥१३॥

वेद कै ज्योति पाएर ब्रह्माजी विश्वसर्जक ।
बनेका हुन् भनी भन्छन् शास्त्र मार्ग प्रवर्तक ॥१४॥

ज्ञान विज्ञानको स्रोत वेदै हो मार्ग दर्शक ।
वेद हो विश्वको जेठो ज्ञान सागर बोधक ॥१५॥

वेदले भन्छ पहिलो यो हो संस्कृति विश्वको ।
सर्वदा विश्वकल्याण गर्ने आधार हो दिगो ॥१६॥

उपादेय छ यो यद्वा अनुपादेय यो सबै ।
धर्म विज्ञान जानेमा स्पष्ट हुन्छ अवश्यनै ॥१७ ॥

सोही कुरा स्पष्ट पार्न धर्म विज्ञान चाहियो ।
भनी यहाँ विस्तृतमा चर्चा सोही उठाइयो ॥१८॥

तसर्थ तथ्यको ज्ञान जनमानसमा सदा ।
रहोस् ताजा भनी मैले परिश्रम गरी यहाँ ॥१९॥

धर्म विज्ञान लेखेर सुम्पेको छु समाजमा ।
अन्यथा नलिई भाव हेरौं मेरो छ याचना ॥२०॥

आक्षेप गर्न खोजेको छैन तै पनि शब्दमा ।
तलमाथि परे माग्छु क्षमा पाठक सामुमा ॥२१॥

धर्म विज्ञान

धर्म के हो जान्नुपर्छ छोड्ने हो कि बचाउने ।
बाच्ने आफैं मात्र हो कि अरू पनि बचाउने ॥१॥

परिभाषा बुझी धर्म पालना गर्नुपर्दछ ।
तसर्थ धर्म-विज्ञान सबैले जान्नुपर्दछ ॥२॥

धर्म हो मान्यता हाम्रो बाँच्ने आधार हो दिगो ।
धर्मछाडा कर्मछाडा मान्छे पशु समान हो ॥३॥

धर्म सीमा बनी भन्छ, मान्छे र पशु भिन्न हो ।
त्यो सीमा मेटिए हुन्छ, मान्छे पशु समानको ॥४॥

धर्म कर्तव्य हो सच्चा मान्छेको व्यवहारमा ।
मान्छे मान्छे बनी बाँच्ने संझौता हो यथार्थमा ॥५॥

समाज धान्ने हो धर्म जो कबै हुन्न फेरिने ।
लुगा जस्तो धर्म हैन किन्ने फाट्ने र साटिने ॥६॥

किन्ने वेच्ने धर्म हैन व्यापारी मालताल झैं ।
हामी हाम्रै धर्म मान्छौं मान तिम्रो तिमी सधैं ॥७॥

धर्म साझा राजमार्ग सबैका निम्ति चाहिने ।
आ-आफ्ना दृष्टिले व्याख्या गरी चित्त बुझाइने ॥८॥

पशु आफैं मात्र खान्छ हान्छ आए भने अरू ।
गर्छ फोहर टाट्नैमा भरे दुःख परोस् बरू ॥९॥

खाने कुरा कुल्चिदिन्छ भरेका निम्ति क्यै पनि ।
सोच्दैन हान्छ गोठालोलाई खान दिए पनि ॥१०॥

पशु वा मानिसै बन्ने जे इच्छा छ उही बन ।
लुकी छिपी हान्न खोज्ने मान्छे पशु हुने किन ॥११॥

सामुन्नेमा पर्न आए पशुले हान्न खोज्दछ ।
मान्छे पशु बनेदेखि ऊ सबैतिर हान्दछ ॥१२॥

धर्म के हो गर्छ यल्ले के नै र चाहियो भने ।
आफैं उत्तर मिल्नेछ धर्म-विज्ञान यो पढे ॥१३॥

मैले गर्दा कुनै रूष्ट न बनोस् किन्तु दृष्टि होस् ।
भन्ने सोची सधैं मान्छे व्यवहार यहाँ गरोस् ॥१४॥

मन कर्म र वाणीमा कसरी मेल बन्दछ ।
भन्ने सोची कर्म गर्ने सच्चा मानिस बन्दछ ॥१५॥

न विगारौं कतै केही सबैको म भलो गरौं ।
यही सोची स्वच्छ आफ्नो व्यवहार सधैं गरौं ॥१६॥

यही हो धर्मको मर्म भलाई सबको गरौं ।
जे रोपियो उही फल्छ सत्कर्म रोपणै गरौं ॥१७॥

धर्ममा नै अडेको छ चराचर जगत् सबै ।
स्वधर्म पालना गर्छन् तिनीहरू यहाँ सधैं ॥१८॥

पानीको धर्म हो शैत्य वायुको धर्म हो गति ।
सूर्यको काम हो ताप प्रकाश पाक सन्मति ॥१९॥

निर्लिप्तता व्यापकता धर्म आकाशको सदा ।
धर्तीको धर्म हो थाम्नु उमार्नु बीज सर्वदा ॥२०॥

फुल्नु, फल्नु तथा छाया दिनु हो धर्म वृक्षको ।
नदीको बग्नु र सधैं स्वच्छ पार्नु स्वधर्म हो ॥२१॥

गाईको धर्म हो घाँस खाई दूध दिने हुनु ।
गुरूको धर्म हो शिक्षा दिनु आचारवान् हुनु ॥२२॥

परोपकार हो धर्म साधुले साधुता लिनु ।
अरूलाई दुःख दिनु दुष्ट धर्म बुझीलिनु ॥२३॥

चन्द्रको धर्म हो स्वच्छ बनी शीतलता दिनु ।
यसरी नै सबै आफ्ना धर्ममा छन् बुझीलिनु ॥२४॥

स्वधर्म गर्दछन् कीट पतङ्ग भृङ्गसन्तत ।
कोही स्वधर्म छोड्दैनन् धर्ममा छन् अनारत ॥२५॥

तब मान्छे बुद्धिमान् भै स्वधर्म छोड्नु नै किन ।
स्वधर्म छोडी अरूको पछुवा बन्नु नै किन ॥२६॥

आकाशमा चन्द्रमाले उज्यालो पार्दछन् तर ।
चोरी गर्ने मानिसले भन्छन् बादल आ वर ॥२७॥

अँध्यारोमा हुन्छ चोरी तसर्थ चोरले सबै ।
ऐन कानून मर्यादा तोड्छ मूर्ख बनी सधैं ॥२८॥

नरहे धर्म वा ऐन अनि हामी मजासँग ।
लूट पाट तथा चोरी अत्याचार गरीकन ॥२९॥

दण्डकानून तोडेर अमर्यादित चालले ।
धनीबनी मोज गर्थ्यौं भन्छ कालो बजारले ॥३०॥

तस्मात् समाजमा शान्ति सुव्यवस्था बसाउन ।
ऐन कानून, मर्यादा राखिइन्छ सबै दिन ॥३१॥

धर्मका छन् दुई रूप फेरिने र न फेरिने ।
फेरिन्छ धर्मको रूप देश काल समाजले ॥३२॥

कुल, जाति, देश धर्म फेरिँदैन कुनै क्षण ।
धर्म संस्कृति बाँचेमा राष्ट्र बच्छ सबै दिन ॥३३॥

मठ, मस्जिद, गुम्बा र चर्च मन्दिर आदिले ।
मान्छे मान्छे भिन्न हुन्न आस्था भिन्न रखाइले ॥३४॥

खाने बस्ने लाउने र सुखशान्ति लिने कुरा ।
एकै खाले सबै हुन्नन् देशका कालका पुरा ॥३५॥

व्रत, पूजा, पाठ, तीर्थ शरीर मलशोषक ।
धर्मका बाहिरीरूप देशकाल मुताविक ॥३६॥

युगको धर्म फेरिन्छ तर त्यस्तो भए पनि ।
धर्म मानिसको आफ्नो फेरिँदैन कतै पनि ॥३७॥

अहिंसा, सत्य, अस्तेय, शौच इन्द्रियनिग्रह ।
अक्रोध, विद्या, सद्बुद्धि, धैर्य यी धर्म हुन् दश ॥३८॥

यी सबै कालमा एकै आफ्ना देश र व्यक्तिमा ।
रहन्छन् तर फेरिन्नन् विश्वमानव मात्रमा ॥३९॥

विश्वमा धर्म धेरै छन् तर ती धर्ममा यिनै ।
दशलक्षणकै भित्र पर्दछनु धर्म ती सबै ॥४०॥

धर्मले नै नैतिक औ सदाचारी बनाउँछ ।
कर्तव्य रक्षा हो धर्म व्यक्तित्व उच्च्व राख्दछ ॥४१॥

मान्छेका बीचको आफ्नो व्यवहार चलाउँछ ।
दशेन्द्रिय मनोबुद्धि सधैं शुद्ध गराउँछ ॥४२॥

कुलप्रथा जातिप्रथा रीति स्थिति प्रकाशक ।
हुन सक्छन् धर्म भिन्न देशकाल मुताविक ॥४३॥

धारणा मान्यता जे छन् ती भिन्नै हुन सक्दछन् ।
विशेषताहरू आफ्नै पुस्तैनी भित्र पर्दछन् ॥४४॥

श्रद्धा विश्वास सद्भाव सहअस्तित्वका कुरा ।
सहयोगी भावना र समन्वय कृतज्ञता ॥४५॥

यथास्थान सबैलाई चाहिने धर्म हुन् सबै ।
ती छोडे मानिसै जान्छ आफ्नो अस्तित्व बिर्सँदै ॥४६॥

आफ्नै रक्षा गर्न निम्ति चाहिने तत्त्व हुन् सब ।
सुखी शान्त बनी बाँच्न छोडिन्नन् धर्म ती तब ॥४७॥

यी नै हुन् धर्मका तत्त्व व्यवस्थापक विश्वमा ।
निरपेक्ष धर्म माने व्यवस्था हुन्न राष्ट्रमा ॥४८॥

नेता वा दलले आफ्नो धर्म छोडी दिए भने ।
जनताले सिक्दछन् के कस्तो पाठ सिकाउने ॥४९॥

यो राष्ट्रको नाम के हो कसरी देश यो बन्यो ।
अस्तित्व यस्को केमा छ एकता कसरी भयो ॥५०॥

भगवान् श्री पशुपति, शालग्राम, हिमालय,
श्रीबुद्धको जन्मभूमि गौरी शङ्कर आश्रय ।

बताउँछन् यी सबैले यो देश हो सनातन,
नेपालको परिचय बुझ्न खोजौं सहीजन ॥५१॥

कुलधर्म जातिधर्म राष्ट्रधर्म सनातन ।
आफ्नो संस्कृति बाँचेमा बच्छ राष्ट्र सबै दिन ॥५२॥

नित्य प्रयोगमा ल्याई व्यावहारिक रूपले ।
धर्मविज्ञान जाँचिन्छ व्यक्तिले र समाजले ॥५३॥

कहीँ कतै खोट लाग्ने देखिएन प्रयोगमा ।
भने समाजले मान्छ त्यो विज्ञान यथार्थमा ॥५४॥

आफुलाई सताएको म रूचाउन्न भन्दछौं ।
तब हामी अरूलाई किन व्यर्थै सताउँछौं ॥५५॥

चोर्नु, ठग्नु, कुट्नु, ढाँट्नु, हर्नु, मार्नु समाजमा ।
हामी जब रूचाउन्नौं पाप भन्छौं यथार्थमा ॥५६॥

यही दिव्य कुरा भन्ने धर्मविज्ञान हो बुझौं ।
यस्तो साँचो कुरा भन्ने धर्म छोड्दा बरालियौं ॥५७॥

न बुझी धर्मको तत्त्व बाहिरी रङ्गमा भुल्यौं ।
पूजापाठ तीर्थव्रत देखाउने तिरै गयौं ॥५८॥

भित्रैदेखि गरी श्रद्धा धर्म कार्यहरू सबै ।
आत्म शुद्ध राख्न गरौं श्रद्धापूर्वक ती सधैं ॥५९॥

धर्मको सार सर्वस्व महाभारत भन्दछ ।
आफुले जो रूचाइन्न अरूमा गर्नु पाप छ ॥६०॥

त्यही संझी कर्म गरौं धर्मको सार यो बुझौं ।
आत्मप्रिय कुरा जस्तै व्यवहार सधैं गरौं ॥६१॥

धर्म, अर्थ, काम, मोक्ष पुरूषार्थ चतुष्टय ।
कसैलाई कतै मर्का नपारी अर्जियुन् सब ॥६२॥

यही ज्ञान प्राप्त गर्नु वेदादिशास्त्र सार हो ।
धर्मविज्ञानको सार सर्वस्व पनि तेहि हो ॥६३॥

आत्मा सबै भित्र बस्छ सधैं क्षेत्रज्ञ रूपमा ।
आत्मा शुद्ध भए बस्छ स्वयं ईश्वर तेसमा ॥६४॥

तिमी हामी शुद्ध वस्तु लिन खान रूचाउँछौं ।
त्यस्तै सर्वत्र त्यो शुद्धि हुनुपर्दछ भन्दछौं ॥६५॥

तस्मात् आत्मा शुद्ध पारी सदाचारी सबै बनौं ।
मनमन्दिर यो शुद्ध पारी नित्य सुखी बनौं ॥६६॥

धर्म-विज्ञानले भन्छ समाजमा सबै तिर ।
सुखशान्ति राख्न सधैं गरौं धर्म निरन्तर ॥६७॥

आवश्यक जता हुन्छ उतै नै दिनु पर्दछ ।
देउता मै बन्छु भने दे उता भन्नु पर्दछ ॥६८॥

ले यता नै भने देखि असुरै बन्नुपर्दछ ।
जे चाहन्छौ बन्न सक्छौ काम सो गर्नुपर्दछ ॥६९॥

आचारै हो परं धर्म वेदादि शास्त्र भन्दछन् ।
आचारहीनलाई नै सबैले निन्द्य मान्दछन् ॥७०॥

प्रयोग नै हो आचार सामाजिक स्वरूपमा ।
उत्रन्छ जो खरो सोही विज्ञान हो यथार्थमा ॥७१॥

तस्मात् स्वार्थ पुरा गर्न धर्मका आडमा बसी ।
स्वयं नजानी नबुझी बसे बन्छ स्वयं खुशी ॥७२॥

धर्म कर्तव्य रक्षा हो मर्यादा यसको गरी ।
धर्म रक्षा गरे हुन्छ आत्मरक्षा सधैं भरि ॥७३॥

धर्म विज्ञानको तथ्य अज्ञानी हैन भन्दछ ।
हत्केलाले घाम छोपी रात जो पार्न खोज्दछ ॥७४॥

तब यस्तो सत्य धर्म वैज्ञानिक छँदाछँदै ।
किन फेर्ने धर्म व्यर्थै सिधा सादा छकाउँदै ॥७५॥

राजगर्ने मोजगर्ने स्वार्थपूर्ति निमित्तमा ।
झण्डा बोक्ने धर्मछाडा भाँडा हुन् ती समाजमा ॥७६॥

अहिंसा सत्य अस्तेय आदि ती दश लक्षण ।
स्वीकारेर गरे कर्म धर्मको हुन्छ रक्षण ॥७७॥

पढौं बाइबिलै यद्वा कुरानादि भए जति ।
वेदवेदान्तका साथै मनु आदि सबै स्मृति ॥७८॥

यही तथ्य ज्ञात हुन्छ हेर्दा ध्यान दिई तर ।
स्वार्थी कुरा थपी दुष्ट भाँड्छन् धर्म सबैतिर ॥७९॥

त्यसो गर्नु नीतिशास्त्र-विज्ञले पाप मान्दछन् ।
तिमी आफ्नो धर्म गर सबै धर्म बताउँछन् ॥८०॥

अरूलाई निचो पार्न उल्टोपाल्टा कुरा गरी ।
आफू ठूलो बन्न खोज्ने धर्मध्वजी सबै अरि ॥८१॥

त्यस्ता अरि चिनी सातो तिनैको हर्न खातिर ।
अरिहन्ता आर्य बन भन्छन् शास्त्र निरन्तर ॥८२॥

'कृण्वन्तो विश्वमार्यं' को वाक्य हो प्रेरणा-प्रद ।
बन सज्जन धर्मात्मा सदा सभ्य सभासद ॥८३॥

धर्म मान्ने सबै ढोँगी भन्ने भ्रम हटाउन ।
सदाचारी बनी नित्य स्वधर्म गर रक्षण ॥८४॥

ऐन, कानून, मर्यादा, विधान, संविधानले ।
मान्छेलाई सभ्य पार्छ कर्तव्यतिर लंकनाले ॥८५॥

सदाचार बनून् भन्छन् धर्मविज्ञान कै सरी ।
सबैको नै नित्य भलो गर भन्छन् सधैं भरि ॥८६॥

यसै कारणले आज विश्वका देशमा सधैं ।
सबै प्रकारले सभ्य संविधान बनाउँदै ॥८७॥

मार्ग प्रशस्त पारेर समेटेर सबैतिर ।
सधैं सबै सुखी राख्न संविधान बने सब ॥८८॥

उहिले धर्मले मात्रै रक्षा हुन्थ्यो सबैतिर ।
हुन्थो सबैको कल्याण समुन्नति निरन्तर ॥८९॥
ऐले स्वार्थी बने अल्छी ऐन कानून चाहियो ।
नपुगेर अफै बाँध्न संविधान बनाइयो ॥९०॥

बुझ्ेमा धर्मविज्ञान आफैंमा संविधान हो ।
धर्म रक्षा गरे रक्षा धर्मैले गर्छ सत्य हो ॥९१॥

धर्म हो कर्मको नाम कर्मले शर्म गर्दछ ।
धर्म, कर्म, शर्म छाडा सर्वत्र पछि पर्दछ ॥९२॥

तस्मात् स्वधर्मको रक्षा सबै मिली गरे तब ।
हुनेछ विश्वकल्याण छोडौं सबै शङ्का अब ॥९३॥

धर्म कर्तव्य मर्यादा चाहिन्छ विश्वमा सदा ।
उपेक्षा धर्मको गर्नु हो धर्म निरपेक्षता ॥९४॥

आ-आफ्ना जाति दलको धर्म हुन्छ प्रबोधक ।
त्यो नमान्ने व्यक्ति हुन्छ सबैबाट उपेक्षित ॥९५॥

फुटाई वा फुटी आफैं दलपारी यता उता ।
अराजक स्थिति भयो त्यसैबाट जता तता ॥९६॥

सो को कारण ता साँचै हो धर्म निरपेक्षता ।
अन्यथा राष्ट्र यो रून्छ निर्धो धेरै बनाइँदा ॥९७॥

अनि ती बलिमा मिल्दै राष्ट्र यो हाम्म पार्दछन् ।
भन्ने सत्यकुरा बिर्सी किन सांसद मौन छन् ॥९८॥

के बुझेर गरे होलान् यस्तो बुझ्ने थिए कति ।
यही शङ्का सधैं लाग्छ दूरदर्शी थिए कति ॥९९॥

विश्वको एउटै मात्र स्वतन्त्र हिन्दुराष्ट्र यो ।
बाँच्न पाउनु पर्ने नै मानवीय यथार्थ हो ॥१००॥

बीऊ मास्न पाइँदैन धर्म, संस्कृति, देशको ।
बडापत्र यही भन्छ संयुक्त राष्ट्र संघको ॥१०१॥

तस्मात् सनातनी राष्ट्र पूर्ववत् हुनुपर्दछ ।
संशोधन छिटै संविधानको हुनुपर्दछ ॥१०२॥

आफ्नो धर्म र कर्मसार न बुझी बोका बनेकाहरू,
केही मान र शान वा धन मिले ती धर्मछाडाहरू ।

बन्नेछन् परधर्मदास बिचरा विक्रेय बोकाहरू,
मान्नै पर्दछ जाम्बवान् गुरु विना बन्ने हनूमान्हरू ॥१०३॥

यो हो वैदिक धर्मदर्शन यही विज्ञान हो धर्मको,
वेदज्योति बनी प्रकाशित दिगो विश्वास संसारको ।

यो हो जीवन दर्शनै अरू सबै शाखा प्रशाखाहरू,
प्राची मानव सभ्यता चहकिलो संसारको नै गुरु ॥१०४॥

यो फेर्ने किन के खराब छ कुरा के कारणैले गरी,
जो आफ्नोपनको लिवास सजिलो हावा र पानी सरि ।

केही विकृति शास्त्रमा यदि कतै छन् भित्रिएका भने,
हेरी शास्त्र बुझेर भूल सब ती सच्याउँछन् शिष्टले ॥१०५॥

होचो पार्न पराइले अघि यहाँ हीलो छिटेका थिए,
यो हाम्रो घर धर्म संस्कृति सबै खिच्रो बनाई दिए ।

लाग्यो घाम सुकाउँ बिस्कुन सबै जागा बनौं है अब,
भाग्छन् दुर्जन दुष्ट टी पनि सबै जागा भएमा सब ॥१०६॥

धर्मै फेर्नु खराब हो यदि कुनै कुनै दोषै भए ती सब,
छोड्नै पर्दछ है खराबि यसमा जो भित्रिए ती अब ।

देशै छोड्नु खराब हो प्रकृतिको जो देश हाम्रो महान्,
आफ्नै पौरखले सुधार्न नसकी लाछीहरू भाग्दछन् ॥१०७॥

तसर्थ धर्म विज्ञान बुद्धिमान्ले पढून् भनी ।
यथार्थमा यहाँ राखें आफ्नो कर्तव्य संझिई ॥१०८॥

बुद्धि सप्रोस प्रार्थना छ पशुका पतिमा सदा ।
दिउन् सांसदले ध्यान संविधान सुधारमा ॥१०९॥

यस्मा कुनै छैन मेरो पूर्वाग्रह कतै तर ।
त्यस्तो अर्थ लाग्न गए क्षमा होस् जोर्छु यी कर ॥११०॥
जय देश, जय स्वधर्म ।❖

-सुन्दरीजल, काठमाडौं

सबैदिन एक समान हुँदैन

उर्मिला पन्त

एउटा मानिस ज्यादै दुःखी थियो । उसलाई लामो विरामीले सताइ राखेको थियो । जति उपचार गरे पनि उसको रोग निको भएन । उससँग भएको सबै पैसा सकियो । उसको घरमा खानाको लागि अन्नको एक दाना पनि रहेन । ऊ खाली पेट लिएर हिँडिरहेको थियो । उसलाई साह्रै भोक लागेपछि एउटा ठुलो घरको अगाडि गएर भन्यो मलाई धेरै भोक लागेको छ, मसँग औषधि किन्ने पनि पैसा छैन । केही खाने कुरा र औषधि किन्ने पैसा दिनोस् भन्दै ऊ रून कराउन थाल्यो ।

उसको पुकार सुनेर घरमालिक बाहिर आयो र त्यो विरामी मान्छेलाई गाली गर्न थाल्यो । तँलाई शरम लाग्दैन भिख मागेर खान ? काम गरेर खानुपर्छ; यहाँबाट गइहाल भनेर हप्कायो ।

त्यो भिखारीले भन्यो 'तपाईंले भनेको ठिक हो । म पनि पहिले आफ्नो कमाइले खान्थें । कोहीसँग पनि भिख मागेको थिइँन । तर विरामीले गर्दा आज मेरो यो अवस्था भयो के गरूँ हजुर ।' यति भनेर ऊ रून थाल्यो । घरको मालिकलाई दया आउनुको सट्टा रिस उठ्यो । उसले नराम्रोसँग गाली गरेर ढोकाबाट बाहिर निकाल्दे भनेर दरवानलाई आदेश दियो । दरवानले मालिक धेरै रिसाउनु भएको छ, तपाईं यहाँबाट गइहाल्नोस् भनेर बाहिर पठाइदियो । विचरा त्यो विरामी मान्छे कतै गएर पनि माग्न सक्दैनथ्यो । त्यहीँ ढोका बाहिर बसेर रोइमात्रै रह्यो ।

केही वर्ष पछि रातको समयमा अर्को कुनै घरमा एउटा विरामी चिच्याएर करायो । म भोको छु, म धेरै तनावमा छु, मलाई मद्दत गर्नुहोस् । यो कुरा सुनेर घरको मालिकले नोकरलाई बोलाएर भन्यो- 'जाऊ बाहिर गएर हेर । बाहिर भोको मानिस रोइरहेको छ । उसलाई भित्र बोलाएर राम्रोसँग खाना खुवाऊ । उसलाई अरू कुनै कुराको आवश्यकता भए पनि पूरा गरिदेऊ । उसले के भन्छ मलाई सुनाउनु ।' यति भनेर उसले नोकरलाई बाहिर पठायो ।

नोकरले उसलाई बरण्डामा बसाएर राम्रोसँग खाना खुवायो । मालिकसँग केही पैसा मागेर दियो र फेरि पनि आउनुहोला है भनेर पठायो । नोकर ढोकाबाट भित्र आएर मालिकसँग रून थाल्यो । मालिकले किन रोएको भनेर सोध्दा नोकरले भन्यो- 'कुनै समय म उनको घरमा नोकर बसेको थिएँ । उनको ठुलो महल थियो । शहरमा पनि उनको ठुलो प्रतिष्ठा थियो । आज यस्तो समय आउला भनेर कसले जानेको थियो र ? समय बहुत बलवान हुँदो रहेछ ।'

नोकरको यस्तो कुरा सुनेर मालिकले भन्यो- 'तैलै उसलाई चिनिस् तर उसले मलाई भने चिनेन । हेर म त्यही भोको विरामी मान्छे हुँ । कुनैदिन उसको घर अगाडि गएर भोकले रून्ने गर्थे । त्यसदिन उसको आदेशअनुसार तैले नै मलाई धक्का दिएर घरबाट निकालेको थिइस् । त्यो मान्छे मै हुँ, तर न तैलै मलाई चिनिस् न त उसले मलाई चिन्यो । समय सबैको आउँछ तर पर्खन सक्नुपर्छ ।'

स्रोतः अनन्त प्रेमार्पण

> यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
> अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥
>
> (श्रीमद्भगवद्गीता, अध्याय ४)
>
> भगवान् श्रीकृष्ण भन्नुहुन्छ- हे भरतवंशी अर्जुन ! जब-जब धर्मको हानि र अधर्मको वृद्धि हुन्छ, तब-तब नै मैले आफ्नो रूपको रचना गर्दछु, अर्थात् साकार रूपमा मानिसका अगाडि प्रकट हुन्छु ।

श्रीरामको लोककल्याणकारी राज्य

– सहप्रा. डा. विनु बाबा अर्याल

संस्कृत भाषामा राजा शब्दको अर्थ शासक भन्ने हुन्छ । सनातन हिन्दु परम्परामा राजा राज्यको अनिवार्य आवश्यकता हो । त्यस्तो राजा धर्म र नीतिबाट बाँधिएको अर्थात् संवैधानिक हुन्छ । वैदिक राजधर्ममा अन्तिम सार्वभौम शक्ति जनता नै हुन्छ । यो शक्तिको दुरूपयोग राजाले गर्न पाउँदैनन् । उदाहरणको लागि वैदिक कालमा राजा बेनले वैदिक धर्म उल्लंघन गरेकाले जनताले उनलाई मृत्युदण्ड दिएको कथा श्रीमद्भागवतमा वर्णित छ । पाश्चात्य मुलुक बेलायतमा समेत राजा चार्ल्स प्रथमलाई जनताले मृत्युदण्ड दिएका थिए तर केही समयको अन्तरालमै त्यहाँ राजा (शासक)को आवश्यकता अपरिहार्यता महसुस गरे र ११ वर्षपछि उनका उत्तराधिकारीलाई अनुरोध गरी त्यहाँको गद्दी आरोहण गराएका थिए ।

शासक र धर्मको पारस्परिक सम्बन्ध खोजी गर्दै जाँदा वैदिक धर्ममा नपुगी हुँदैन । यसमा मानव जीवनमा चाहिने सबै कुराको सन्तुलित व्यवस्था गरिएको हुन्छ । राज्य व्यवस्थाका कुरा हुन्छन् । वैदिक वाङ्मयमा यस विषयका गहनतम र विशाल सामग्री भण्डार छन् ।

सनातन धर्मको मूल स्रोत वेद हो । वेदोऽखिलो धर्ममूलम् शास्त्रले बताएको छ । वेदको समग्र सार प्रकृतिको नियममा रहेर जगत्‌को सञ्चालन गर्नु हो । जुन जगत्‌मा नदी, पहाड, वनस्पति र सबै प्रकारका प्राणी पर्दछन् । सबैको अस्तित्व र आवश्यकता सबैले स्वीकार्नु पर्छ । अर्काको सहभागिता र सहयोग बिना समाज, राष्ट्र र सिर्जनाको परिपाटी अगाडि बढ्न सक्दैन । सनातन धर्म संस्कृतिले समग्रतालाई आत्मसाथ गरेको छ । साधारण जीवन निर्वाहदेखि परम पुरूषार्थ मोक्ष प्राप्ति गर्नेसम्मका विषय त्यसमा अटाएका छन् । त्यसैले मानव जीवनका निम्ति उपयोगी सबै किसिमका पद्धतिलाई अवलम्बन गर्न सक्ने विधि दर्शाइएको छ । भक्तिमार्ग, कर्ममार्ग र ज्ञानमार्गका विषयमा पात्रको स्वभाव र रूचि अनुसार आचरण गर्ने प्रणाली त्यहाँ निरूपण गरिएको छ । कर्म, भक्ति र ज्ञानका फराकिला पद्धति भएकैले सनातन धर्म अविछिन्न चलिआएको छ । सनातन धर्मका आदर्श विश्व बन्धुत्वको भावनाले ओतप्रोत भएको छ ।

जुन धर्ममा सूर्य, चन्द्र, धर्ती, आकाश र वायुको स्वभाव चरित्र छ, यथार्थमा त्यही धर्म हो । सृष्टिको निर्माण यिनै तत्त्वबाट हुन्छ । जगत् सञ्चालन यिनै पदार्थबाट हुन्छ । सधैं रहनेलाई सनातन भनिन्छ । सदा भवः सनातन भन्ने व्युत्पति सनातन शब्दको हुन्छ । अर्को शब्दमा सनातनलाई अनादि र अनन्त पनि भनिन्छ । कुनै कालखण्डमा कुनै व्यक्ति विशेषले चलाएको संस्कृति सनातन होइन । हजारौं वर्षदेखि धेरै सिद्ध ऋषिमुनिहरूको अनुभव र ज्ञानको समन्वयले विविध ठूलाठूला खोलाहरूले समुद्रलाई पुष्ट गरेको जस्तै यो धर्म पोषित भइरहेको छ । हिन्दु धर्मलाई समुद्र भन्न मिल्छ किनभने यो कहिले सुक्नेवाला छैन । यसमा ज्ञान छ, विज्ञान छ, मानव सभ्यता छ, संस्कृति छ ।

वैदिक साहित्य त्यस्तो सार्वभौम साहित्य हो, जसको प्रभाव संसारभरि नै साहित्यमा परेको छ । अतः विश्वमा रहेका सम्पूर्ण धर्महरूको मूल नै वेद हो । र, वेद प्रतिपादित संस्कार र आचरण नै वैदिक सनातन धर्मानुयायीहरूको प्राण हो । किनभने वेद अपौरूषेय ग्रन्थ हो । मानव सृष्टिसँगै स्रष्टाको निर्माण गरिदिएको विधि विधान हो । त्यो अपौरूषेय सूत्रको संकलन हो । त्यस अर्थमा विश्व ब्रह्माण्ड जगतका प्राणी जसले बनायो, वेद पनि उसैले बनाएको हो । वेद मानव मात्रले पालन गर्नुपर्ने संविधान हो, प्राप्त गर्नुपर्ने ज्ञानको भण्डार हो, जीवन चलाउनुपर्ने विधि विधान हो, पद्धति हो, सीप र क्षमता बनाउने विज्ञान हो ।

हाम्रा पूर्वज महर्षीले तपोबलबाट ती सूत्रलाई आफ्नो मस्तिष्कमा टाँसेका थिए । आफ्नो मस्तिष्कमा रहेको सूत्र आफ्नो शिष्यलाई सार्दै गएका थिए । सुनेर निरन्तरता पाउने ती श्रुतिहरूलाई महर्षी व्यासले लिपिबद्ध गरे । पुस्तकाकारमा परिणत गरी चार वेदमा विभाजन गरे । सुरूमा ती सबै सूत्र एउटै वेदमा थिए भनिन्छ । अन्तरिक्षमा पोखिएर रहेका १ लाख सूत्रमध्ये धेरै भारतवर्षमा संकलित थिए जुन लुटेराले लुटेर गएका थिए । आजसम्म उपलब्ध वेदमा केवल १५ हजार सूत्र मात्र कायम छन् भनिन्छ ।

वेद र उपनिषद्को संस्कृति संरचनाको युगपछि पौराणिक लौकिक संस्कृत भाषामा काव्यको रचना गर्ने प्रथम कवि वाल्मीकिले नै हुन् । र वाल्मीकिद्वारा रचित हुनाले यसलाई वाल्मीकीय रामायण भनिन्छ । यो संस्कृत साहित्यको पहिलो आर्ष महाकाव्य हो । महर्षिका रूपमा पूज्य वाल्मीकिद्वारा रचिएको हुनाले यसलाई आर्ष महाकाव्य भनिन्छ ।

रामायण शब्द राम र अयन दुई शब्दको सन्धिद्वारा बनेको हो । अयन शब्दको अर्थ गति वा बाटो हो । अर्थात् रामायणको शाब्दिक अर्थ गति वा बाटो हो । अर्थात् ब्राह्मणको शाब्दिक अर्थ रामको बाटो अथवा रामले देखाएको बाटो हो । यसैले रामायण शब्दले यस काव्यको मुख्य अभिप्रायलाई समेटेको पाइन्छ । महाकवि वाल्मीकिले आध्यात्मिक एवम् नैतिक शक्तिको विजयद्वारा सम्पदायुक्त समाज र राज्यको स्थापनाको उद्देश्य पूर्तिका निम्ति बृहत काव्यको रचना गरेका हुन् । यसै राम कथाको आधारमा एउटा उक्ति प्रसिद्ध रह्यो– राम दिवतु पूर्वर्ति तव्यं नतु रावण दियत् । अर्थात् राम आदिले देखाएको बाटोतिर लाग्नुपर्दछ । रावण आदिले देखाएको बाटोतिर होइन । यही नै रामायणको मुख्य आशय हो । रामायणको प्रतिपाध्य विषय मूलतः यही आदर्श हो, हुनुपर्दछ, बन्नुपर्दछ ।

रामराज्यमा धोबीको पनि कुरा सुनिएको छ । रामराज्यमा जनता नै सर्वेसर्वा हुन्थे, उनीहरूले जे भन्थे त्यही नै राज्यको नियम हुन्थ्यो, बनाइन्थ्यो । राम आफैमा सम्राट थिए तर राज्यकोषबाट केही लिँदैन थिए । आफूलाई जनताको सेवक मान्थे । सर्वस्व उनीहरूलाई सुम्पिन्थे । आफू माटोको भाँडामा खाएर जमिनमा सुत्ने गर्थे । यसबाट यो प्रष्ट हुन्छ कि आदर्शहरूलाई वैदिक वाङ्मयले निर्धारित गरेको छ । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि शत्रुहरूले मानिसलाई सधैं दुःख दिन्छन् । ती शत्रुहरू माथिका विजयले मानिसलाई मानवीय उच्चतामा पुऱ्याउँछ । मानिसभित्र आत्मिक, दैविक, भौतिक, ताप, पिर, दुःख छन् ती तीन थरिका तापद्वारा मुक्ति पाउन मानिसले आध्यात्मिक ज्ञान प्राप्त गर्नुपर्दछ । वाल्मीकिको रामायण; रामको आदर्श, त्यही उत्कृष्ट एवम् महान प्रस्तुति हो ।

एउटा व्यक्तिले आफू आदर्श रही परिवार समाज र राज्यसम्मको दायित्व र कर्तव्य पालन गर्नुपर्ने हुन्छ । स्वयं व्यक्तिगत आदर्शमा रहेमा परिवार समाज र राज्यको प्रत्येक इकाइहरूसम्म उसको आदर्श विस्तार हुँदै जान्छ । रामायण तिनै व्यक्तिगत र समष्टिगत आदर्शहरूको जीवन्त प्रस्तुति हो र राम ती आदर्शहरूका मूल आधार स्तम्भ हुन् । वाल्मीकिले रामको त्यही आदर्शलाई काव्यिक स्वरूप प्रदान गरेका छन् ।

राममा सत्य, सौहार्द, दया, क्षमा, मृदुलता, धीरता, वीरता, गाम्भीर्यता, अस्त्रशस्त्रको ज्ञान, पराक्रम, निर्भयता, विनय, शान्ति, संयम नीति, त्याग, मर्यादा संरक्षण, एक पत्नी प्रेम, गुरूभक्ति, लोकप्रियता, धर्म परायणता आदि सबै गुणहरूको मर्यादा पुरूषोत्तम श्रीराममा पूर्ण विकास भएको थियो । भक्तहरूको रक्षा गर्न, उनीहरूको इच्छित कार्य सिद्धि गर्न, मर्यादाको रक्षा गर्न, साकार रूपबाट अवतार भएकोले रामलाई स्वयम्भू भनिन्छ ।

बगैचालाई मालीले तार बेरेर रक्षा गरे जस्तै राजनीति समाजको आधार र संरक्षण नीति हो । स्वराज्य भनेको स्व अर्थात आफ्नो शुद्धि बुद्धिमाथि विशेष ध्यान दिएर शासन व्यवस्था सञ्चालन गरिने राज्य हो । यो वैदिक समयको उच्चतम शासन प्रणाली हो । राज्य सत्ता जनताको नियन्त्रणमा हुँदा नै आदर्श व्यवस्था मान्न सकिन्छ भन्ने आशय अथर्ववेदको रहेको छ । वैदिक ग्रन्थमा आएको जनराज्यको प्रसंगले पनि राज्य भनेको जनता हो र यसैमा जनताको सर्वोपरि सार्वभौम अधिकार हुन्छ र हुनुपर्दछ भन्ने छ ।

वैदिक हिन्दु संस्कृतिको दृष्टिमा मानव जीवनको उद्देश्य केवल पुरूष बन्नु होइन, यही नै उसको सीमा होइन । यहाँ जीवनको उद्देश्य हुन्छ । पुरूषबाट पुरूषोत्तमको प्राप्ति । पुरूषोत्तमको प्राप्ति एक शतक उद्विकासी प्रक्रिया

हो । पुरूषोत्तम त्यस पूर्णत्वको प्रतीक हो, जो प्राप्त गर्नु मानव जीवनको उद्देश्य हो ।

हाम्रो हिन्दु संस्कृतिमा राम र कृष्ण नै दुई यस्ता महापुरूष हुन्, जसको सारा कार्य अनाशक्त भावबाट ओतप्रोत भएका छन् । ती दुईमा अन्तर यो छ कि रामको जीवनलाई हामी चरित्र भन्दछौं, जबकि कृष्णको जीवनलाई लीला भन्दछौ । एउटाको जीवन चरित्र हो, दोस्रोको जीवन लीला मात्र हो । राम आफ्नो जीवनप्रति गम्भीर थिए । जबकि कृष्णको जीवन एक अभिनय हो । यसैले हामी कृष्णको जीवन कथालाई लीला भन्दछौ । चरित्र हैन । चरित्रमा बडो गम्भीर हुनुपर्दछ । यसैले रामलाई पुरूषोत्तम र कृष्णलाई नरोत्तम भनिन्छ किनकि दुई नाम उत्तम पुरूषको वाचक हो ।

हाम्रो हिन्दु संस्कृतिमा उत्तम पुरूषलाई पुरूषोत्तम भनिन्छ । उत्तम पुरूष त्यो हो, जसले इहलौकिक पूर्णता प्राप्त गर्न पारलौकिकपूर्णत्वको अधिकारी हुन्छ । यसैले उत्तम पुरूष न त नितान्त इहलौकिक हुन्छ, न त नितान्त पारलौकिक हुन्छ । उत्तम पुरूष इहलौकिक जीवनमा रहेर पनि पारलौकिक जीवनप्रति उन्मुख हुन्छ । यसैले उत्तम पुरूषको पहिलो पाटो सामाजिक हुन्छ, दोस्रो पाटो आध्यात्मिक हुन्छ । जो आत्मपरायण तथा ब्रह्म परायण हुन्छ, उनै उत्तम पुरुष हुन्छन् । उत्तम पुरूष वास्तवमा ज्ञान र कर्मको प्रकाश स्तम्भ हो । जसको आधार निष्कामता र स्थित प्रज्ञता हो । किनकि निष्कामता र स्थित प्रज्ञाताद्वारा नै आत्म परायणता र ब्रह्म परायणता विकास हुन्छ । यसैद्वारा आत्मा र ब्रह्म याने शिव र शक्तिको समायोजन हुन्छ । त्यही कर्म ज्ञान र भक्ति आदर्श हुन्छ ।

स्थित प्रज्ञाताको उत्पत्ति समत्व बुद्धिबाट हुन्छ र समत्व बुद्धिको आधार निष्कामता र समभाव हो । स्थित प्रज्ञा कर्मयोगी त्यो हो, जो कर्मलाई कर्म सम्झिएर गर्दछ र कर्मफलको आशा गर्दैन ।

संग्रह रहित हुनाको कारण शुभ अशुभ, दुःख सुख, राग द्वेष, भय क्रोधबाट विचलित नहुनु हो । स्थित प्रज्ञा यस्तो प्रकारले शान्त हुन्छ, जस्तो नदीहरू बराबर प्रवेश गर्दा समुद्र । जस्तै मोहमा डुबेर पनि हैन, संसारी व्यक्ति जस्तो आशक्त भएर पनि होइन, केवल संसारलाई केही लाग्दैन, यही कुरा रामको जीवनमा पाइन्छ ।

राज्य नमिल्दा पनि दुःख भएन, राज्य छोडेर वन जान तयार भए । लोकातित जीवनमुक्त महात्मा जस्तो उनमा कुनै विकार थिएन । जसरी शरदकालीन चन्द्रमाले आफ्नो तेज छोड्दैन, त्यस्तै रामले पनि आफ्नो स्वभाविक प्रसन्नतालाई परित्याग गरेनन् । आफ्ना भावनाहरू जीवनप्रतिको दृष्टिकोणमा संघर्ष र सफलतामा स्नेह र अनुरागमा उनी एक सर्वथा माननीय पुरूष थिए । उनी मानव भएर पनि मानवीय दुर्बलताहरूबाट माथि उठेका थिए । आफ्नो उथलपुथलले भरिएको जीवनमा रामले धेरै जटिल परिस्थितिहरूको सामना गर्नुपर्थ्यो तर पनि कुनै यस्तो परिस्थिति थिएन जसबाट उनी हतोत्साहित भएका हुन् । उनले कुनै यस्तो दैवी शक्तिको साहारा लिएनन् । मानसिक शारीरिक एवम् आत्मिक शक्ति सत्य एवम् न्यायप्रियता तथा परहितको लागि स्वहितको त्याग गर्ने भावनाको बलमा समाधान गरे । आर्य जीवनको उच्च आदर्शमा राम रहे । आज्ञाकारी पुत्र, स्नेहशील दाइ, प्रीतियुक्तपति र निर्भय योद्धा रामका भवभूतिको अनुसार कुसुम पुष्पकोमलता र बज्रको कठोरताको अनुभव सामन्जस्य गरेको पाइन्छ ।

सृष्टिकालमा भगवान् ब्रह्माजीको आज्ञाअनुसार वाल्मीकि मुनिले सतकोटी १०० करोड प्रमाण भएको श्लोकले युक्त रामायण लेखेर उक्त रामायण भगवान् शंकरलाई सुनाउन शिवलोक जानुभयो । भगवान् शंकरले उक्त अर्थात ३३ कोटी ३३ लाख ३३ हजार ३३ श्लोक र १० अक्षरलाई बराबर ३ भागमा लगाएर एक भाग इन्द्रलाई स्वर्गमा प्रचार गर्न प्रदान गर्नुभयो । अर्को एक भाग मर्त्यलोकमा ऋषिमुनिहरूलाई प्रदान गरी मनुष्यहरूलाई सुनाई प्रचार गर्न जिम्मा लगाउनु भयो र तीन भागमध्ये एक भाग शेषजीलाई पातालमा प्रचार गर्न भनी प्रदान गर्नुभयो । तीन भाग लगाउँदा पनि उक्त रामायणको अझ दुई अक्षर बाँकी रहन गयो । तब भगवान्ले यो दुई अक्षर बराबर गर्न नपुग्ने र तीन भाग मात्रा पनि नलगाउनु भन्ने प्रचलन छ, तसर्थ यो दुई अक्षर म नै राख्दछु । मलाई यही दुई अक्षर मात्र भए पुग्दछ भनी देवता ऋषि र नागहरूलाई आफ्नो लोकमा जान बिदा दिनुभयो । आफूले त्यस दुई अक्षरलाई हृदयमा धारण गर्नुभयो । (रामायण रहस्य सुरेन्द्रप्रसाद सिग्देल नेपाल प्रज्ञा प्रतिष्ठान पृष्ठ २५-२६)

रामको जीवनीले हजारौं चरित्र उद्घाटित गरेको छ। रामको चरित्र भगवान् विष्णुको अवतार स्वरूप मानव देहधारी पात्र रूपमा देखा पर्दछ। यस सिलसिलामा भगवान्को अर्थ बुझ्दा भगवान् शब्द भग र वान शब्दहरू मिलेर बनेको छ। यहाँ वान्को अर्थ युक्त वा दाता हुन्छ भने भगको अर्थ विविध छन्। यसमा प्रसिद्धि, कृति, धर्म,

पुण्य, विवेक, ज्ञान आदि दिव्य शक्ति निहित हुन्छ। अर्थात् भगवान् भन्नाले गुणवान्,परिचययुक्त, असाधारण गुणले युक्त भएको भन्न सकिन्छ। जस्तो ब्रह्म र ईश्वर वेदकै समयदेखि अति प्रचलित छन्।

ज्ञानको चेतना मनको गुह्यता अन्तर्गत रहेको हुन्छ। अमृत पनि त्यसै समुद्रमा रहन्छ तर विना मथन प्राप्त हुँदैन। राम्रो असल विचारले सदाचारी जीवन व्यतीत गर्नका लागि प्रेरणा दिन्छ। अतः अमृतले प्रष्ट पार्दछ कि सदाचारीबाट नै सत्कार्यको उत्पत्ति हुन्छ। तिनै हाम्रा सुख शान्तिको कारण बन्दछ। भनिन्छ कि जब देवताहरूको उत्पत्ति हुन्छ, तब सत्य ज्योति र अमृतको सिर्जना हुन्छ। दैत्यहरूको जन्मबाट भयको विपरीत भई पाप कर्मको उदय हुन्छ।

भगवान् भनेर सम्बोधन गरिने यहाँ पुरूषहरू कुनै समयमा जन्मेर मरेका हुन्छन् तर ईश्वरलाई जन्मिने वा मर्ने भनिँदैन। अतः ब्रह्म मात्र एक हुन्। ब्रह्म अन्तर्निहित ईश्वर तत्त्व वा परमेश्वर पनि एक मात्र छन् तर भगवान्का अवतारहरू अनेकौं पाइन्छन्। यसैको सिलसिलामा भन्नुपर्दा आजको आस्तिक हिन्दु समाजले रामलाई जुन ईश्वरीय अवतार मान्दछन्, त्यस रूपमा मान्नलाई वाल्मीकिले कसैलाई पनि आग्रह गरेनन् तर पनि उनले ती तत्त्वहरू बडो ज्वलन्त एवम् विषद रूपमा प्रस्तुत गरिदिएका छन् कि राम धर्मका धर्ममा विविध रूपको मूर्तिमान विग्रह हुन्।

अमेरिकाका एक प्रसिद्ध स्वतन्त्र सङ्ग्रमी राजनीतिज्ञ प्याट्रिक हेनरीले अमेरिकाको संसदमा बोलेका थिए- जनताका लागि जनताद्वारा बनेको जनताको आफ्नै सरकारले जनतालाई लुट्नु उचित हुँदैन। किनभने हामीले याद राख्नु पर्दछ रूख नभए पनि पृथ्वी हुन सक्दछ र कुनै समय थियो पनि। तर पृथ्वी नभई रूख हुन सक्दैन। सरकार नभई जनता हुन सक्छ। कुनै समय थियो पनि। जनता नभई सरकार हुँदैन। सरकार दुई दिनको लागि हो भने जनता सदाकालका लागि हो। जनताको सेवा र सुविधाका लागि नै सरकार बन्नुपर्दछ भन्ने कुरा कदापि बिर्सनु हुँदैन।

विश्वलाई मार्गदर्शन गर्न सफल हाम्रो यही समाज आज आफैं बाटो बिराएर केही गर्न नसक्ने अवस्थामा पुग्दैछ भन्ने महसुस हुँदैछ। बरू पश्चिमी जगत्ले वैदिक ज्ञानलाई अपनाउन लागेको पाइन्छ।❖

-बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्री

१. भट्ट पण्डित रामेश्वरः मनुस्मृति बनारसः चौखम्बा संस्कृति प्रतिष्ठान- १९९०

२. बाचस्पति गैरोलाः कौटिल्यको अर्थशास्त्रः वाराणासी, चोखम्बा विद्याभवन- १९८४

३. भगत आर. एम. : पाश्चात्य राजनीति चिन्तन- जालन्धर न्यु एकेडेमिक पब्लिसिङ कम्पनी- २००४

४. डा. बुद्धिप्रसाद भण्डारीः राजनीतिक विचारधारा र वादहरू- पैरवी प्रकाशन

५. प्रा.डा. माधव भट्टराईः उन्मुक्त

६. डा. शास्त्रदत्त पन्तः वैदिक राजधर्म र पूर्वीय शासन व्यवस्था।

७. कमल रिजालः पूर्वीय दर्शन विमर्श

८. शुभ चन्द्र मुखर्जीः द कल्चरल हिस्ट्री अफ इन्डियन कल्चर।

संक्षिप्त परिचय

महाभारत महाकाव्य



-पं. वेदप्रसाद पन्थ

महाभारत महाकाव्य हाम्रो देशको मौलिक ग्रन्थ हो। महाभारत महाकाव्य पढेपछि वास्तविक महाभारतभूमि कहाँ हो ? यसका घटनाक्रम कहाँ घटित भएका हुन् र यसको मूल भूमि कहाँ हो ? राजा भरतको जन्म र कर्मभूमि कहाँ हो ? भन्ने कुरा मलाई छर्लङ्ग भएको छ, यद्यपि महाभारत पर्वत श्रृङ्खला नेपालमै भएकोले यस्मा तर्क वितर्क गर्नुपर्ने आवश्यकता नै थिएन तथापि नेपलका सबै विद्वान्हरू आफ्ना कान नछामेर अधिकांश कुरामा कौवाका पछि दौडिरहेको देखी म पनि यो महाकाव्य नपढ्दासम्म अलमलमा थिएँ।

मैले पुराणहरूसँगै वाल्मीकि रामायण र महाभारत समेत पढेपछि अधिकांश महर्षिहरू यही रमणीय देश तथा तपोभूमि नेपालमै जन्मेर यहीँ नै तपस्यारत भई अध्यात्म ज्ञान र विज्ञानले भरिपूर्ण वेदादि ग्रन्थ र दर्शनका लाखौँ धार्मिक ग्रन्थहरू उल्लेख गर्नुभएको थियो। ती ग्रन्थहरूमा नेपाल देश संसारमै पवित्र भूमि भएको उल्लेख छ। अतः यही भूमिमा भगवान्का नौवटै अवतार भएको पाइयो। किनकि भगवान् अवतरित हुन पनि पवित्र भूमि नै हुन पर्दोरहेछ। त्यस्मा पनि सबै युगमा शालग्राम चक्र बनिरहने कृष्णागण्डकीको प्रस्रवण क्षेत्र नै सर्वोत्तम पुण्यभूमि हो भन्ने कुरा सबै पुराण, रामायण र महाभारत महाकाव्यले पनि छर्लङ्ग पारिदिएका छन्। तर नेपालका शासकहरूको मानसिक गरिबीका कारण लामो समयदेखि हाम्रो जीवनमा सदाबहार स्वर्गीय आनन्द प्रदान गर्नसक्ने अति सुन्दर, पवित्र, धार्मिक एवम् दुर्लभ पर्यटकीय स्थलहरू आजसम्म ओझेलमा परिरहेका हुनाले हामी प्राकृतिक श्रोतसाधनले धनी मुलुकका नागरिक भए तापनि लामो समयदेखि गरिबीको रेखा मुनी पिल्सिरहेका छौँ। हाम्रो संसारलाई भयभीत गराउने वीर नेपाली भन्ने शान पनि गुम्दै गएको छ।

महाभारत महाकाव्यमा मुख्यरूपले पाण्डव र कौरवको राज्य र युद्ध सम्बन्धी कुराहरू उल्लेख भएका छन्। महाभारतको प्रमुख स्थान नेपालकै महाभारत पर्वतमाला हो भन्नेमा त पूरा महाभारत पढिसकेपछि कुनै तर्क गर्नुपर्ने कुरा रहन्न। तर निश्चित स्थान पूरै पत्ता लगाउने प्रयास जारी छ। भर्खर काभ्रेपलाञ्चोक जिल्लाको भ्रमण गर्दा खोपासी(कार्पासी) (कार्पासः भनेको संस्कृतभाषामा कपास) मा कपास राम्रोसँग मौलाउने हुँदा कपास खेती गर्ने चलन रहेकोले त्यस ठाउँको नाम नै कार्पासी भएको रहेछ। पछि आएर अपभ्रंसित भई खोपासी भएको हो। द्वापरयुगको अन्ततिर द्रौपदीका पिता राजा द्रुपदको राजधानी यहीँ रहेछ। अहिले त्यहाँ द्रौपदीको एउटा मन्दिर र अर्को सैरन्ध्रीनामको खोला पनि छ। त्यहाँका केही भग्नावशेषमा उत्खनन गरेर अनुसन्धान गरेमा धेरै कुरा जानकारीमा अउनसक्छ।

त्यस्तै पनौतीमा अहल्याको पत्थर मूर्ति इन्द्रेश्वर महादेव मन्दिरको पेटीमा आज पनि देख्न सकिन्छ र गौतम ऋषिको तपस्थल पनि पनौतीकै बाँसघारी भन्ने स्थानमा रहेछ। पनौतीमा तीन ससाना नदीहरू मिलेर बनेको त्रिवेणी पुण्यतीर्थ पनि छ, जसलाई त्यस क्षेत्रको विशेष तीर्थको रूपमा मानिन्छ। यसपछि हामीले पाञ्चाल (अपभ्रंसित पाँचखाल)मा गएर त्यस स्थानका बौद्धिक तथा वयोवृद्ध व्यक्तिहरूसँग बुझ्दा पाण्डवहरू वनवास वस्दा त्यही पाञ्चाल क्षेत्रमा थुप्रै समयसम्म बसेका हुनाले त्यसठाउँलाई पाञ्चाल भनिदो रहेछ। पछि कसरी पाँचखाल

भन्न थालियो सो ज्ञात नभए पनि द्रौपदीको स्वयम्बरको कथासँग जोडेर हेरी विश्वस्त भएर हामी त्यहाँबाट फर्केका थियौँ । यसैगरी हस्तिनापुर, इन्द्रप्रस्थ र कुरूक्षेत्र आदिको वास्तविक स्थान कहाँ हो भनेर खोजी गरिरहेका छौँ ।

भारतले भने विभिन्न स्थानमा धार्मिक पर्यटकीय क्षेत्र घोषणा गरी निकै विकास गरिसकेको छ । हिन्दु सम्प्रादायमा अत्यन्त प्रचलित रामायण र महाभारत महाकाव्यका कथाहरू निकै प्रख्यात छन् । यी दुवै काव्यका पात्रहरूको उद्‌गम स्थल र कथाको मूल भूमि कहाँ हो ? भनेर भारतका वैज्ञानिकहरूले वर्षौ लगाएर उत्खनन गरी अध्ययन अनुसन्धान गरे । तर भारतमा अहिलेसम्म कुनै पनि प्रमाण नभेटिएकोले यी काल्पनिक कथा हुन् भनेर भारतको इतिहासबाट हटाउन लगाए भन्ने कुरा सुन्नमा आएको छ । यो हल्लामात्र हो कि ? साँचो हो भन्ने कुराको पनि अनुसन्धान गरी बुझ्दै छौँ । हाम्रो देशमा उत्खनन् गरी हेर्ने हो भने थुप्रै प्रामाणिक कुराहरू उपलब्ध हुने छन् । सामान्य उत्खननबाट पनि हामीले रामका नाम लेखिएका प्राचीन सिक्का र इटा लगायतका सामानहरू चितवन, पाल्पा र स्याङ्जा जिल्लामा प्राप्त गरेका छौँ ।

सोमवैकुण्ठयोर्मध्ये कृष्णगङ्गेति कथ्यते ।
यत्रातप्यत्तपो व्यासो मथुरायां स्थितोऽमलः ॥ (व.पु.अ.१७३/३)

अर्थात् वैकुण्ठ र सोमेश्वर पर्वतको बिचमा कृष्णागण्डकी उत्पत्ति भएकी छन्, तिनै निर्मल गङ्गामा स्नान गरेर व्यास महर्षिले मथुरा (दामोदरकुण्ड) नामक महातीर्थमा तपस्या गरी भगवान् कृष्णबाट वरदान पाएर पूर्ण ज्ञानी बन्नुभएको थियो ।

महाभारत महाकाव्यका विषयमा प्रारम्भिक जानकारी–
तन्महाभारताख्यानं श्रुत्वैव प्रविलीयते ।
भरतानां महाज्जन्म महाभारतमुच्यते ॥ (म.आ.प.अ.६२/३९)

अर्थात् यस ग्रन्थमा महान् भरतवंशीहरूको जन्म वृत्तान्त छ । अतः यसलाई महाभारत भनिएको छ ।

त्रिभिर्वर्षैः सदोत्थायी कृष्णद्वैपायनो मुनिः ।
माहभारतमाख्यानं कृतवानिदमद्‌भुतम् ॥ (म.आ.प.अ.६२/५१)

प्रतिदिन प्रातःकाल अर्थात् ब्रह्ममुहूर्तमा उठेर कृष्णद्वैपायनले महाभारत नामक यस अद्‌भूत इतिहासलाई तीनवर्षमा रचना गरेका थिए र पाण्डुलिपी तयार गर्ने कामभने गणेशजीबाट भएको हो भन्ने उल्लेख छ ।

चतुरो वार्षिकान् मासान् सर्वपापैः प्रमुच्यते ।
विज्ञेमः स च वेदानां पारगो भारतं पठन् ॥ (म.आ.प.अ.६२/३२)

अर्थात् जुन भक्तले ब्रह्मचर्यको व्रत पालन गरेर चतुर्मासामा नियमपूर्वक यो पुण्यप्रद ग्रन्थ महाभारत पाठ गर्छ त्यो सम्पूर्ण पापबाट मुक्त हुन्छ र सवै वेदको ज्ञाता पनि हुन्छ ।

वर्तमान अवस्थामा नेपाली नागरिकहरू गणतान्त्रिक, अराजक तथा राष्ट्र, धर्म र संस्कृति विरोधी दलहरूका कारण अनुशासन विहीन भएकोले निम्न अवस्था सृजना भएको छ–

अराजके जनपदे दोषा जायन्ति वै सदा।
उद्वृत्तं सततं लोकं राजा दण्डेन शास्ति वै ॥ (म.आ.प.अ.४१/२७)

अर्थात् राजाले सबै नागरिकलाई दण्ड नीति प्रयोग गरेर शासन गरी देश र जनता सबैलाई बचाउँछन्, जुन देशमा राजा हुँदैनन् त्यस देशका जनतामा अराजक भएर चोरी, डकैती, हत्या, हिंसा, भ्रष्टाचार आदि कुकर्म वृद्धि भई अधर्म बढेर जान्छ र त्यस देशको जनजीवन नै अस्त व्यस्त हुन्छ। जनताको आर्थिक अवस्था डामाडोल भएपछि देशको अस्तित्व नै मेटिन सक्छ। देशभक्ति र प्रेम नभएर सबै नागरिक आफ्नो स्वार्थमा डुवी काम गर्न थाल्छन्। अतः संघीयता र धर्मनिरपेक्षता खारेज गरी संवैधानिक राजसंस्था सहितको प्रजातान्त्रिक व्यवस्था नै नेपाली माटोको लागि सुहाउने राज्य व्यवस्था हो। यसको लागि हामी सबै जुट्नुपर्छ।

महाभरतमा द्वारकापुरीको वर्णन यसरी गरेको छ–

भातिः रैवतकः शैलो रम्यसानुर्महाजिरः।
पूर्वस्यां दिशि रम्यायां द्वारकायां विभूषणम्॥
दक्षिणस्यां लतावेष्ट पञ्चवर्णो विराजते।
इन्द्रकेतुप्रतीकाशः पश्चिमांदिशमाश्रितः॥
सुकक्षो राजतः शैलश्चित्रपुष्प महावनः।
उत्तरस्यां दिशि तथा वेणुमन्तो विराजते॥
तस्मिन् देवपुरे प्रख्ये सा सभा वृष्ण्युपाश्रया।
या दशार्हीति विख्याता योजनायत विस्तृताः॥

(म.स.प.अ.३८पे.९२९,२१)/

अर्थात् सुन्दर द्वारकापुरीको पूर्व दिशामा हैममयी अत्यन्त रमणीय तथा महाकाय रैवतक पर्वत त्यसपुरीको गहनाको रूपमा रहेको छ। पुरीको दक्षिण दिशामा त्यस्तै लतावेष्ट नामक उच्च पर्वत सुशोभित छ। जो सूर्य किरणको प्रभावले पाँचरंग इन्द्रको ध्वजा जस्तै देखिन्छ। त्यस पुरीको पश्चिमतर्फ सनुकक्ष नामक अति उच्च रजतपर्वत छ जस्मा विचित्र सुन्दर फूलहरूले शोभायमान भएको महाजङ्गल छ। हे पाण्डव प्रवर ! यसैगरी त्यसपुरीको उत्तर दिशातर्फ पनि हैममयी मन्दराचल पर्वत समान श्वेतवर्णको वेणुमन्त नामक पर्वत सुशोभित छ। देवपुरी समान प्रख्यात् एवम् सुन्दर त्यस द्वारका नगरीमा वृष्णीवंशीहरू बस्नका लागि बनाइएको दशार्ही नामक सुन्दर सभा भवन छ, जस्को लम्बाई र चौडाई एकएक योजन रहेको छ। यो स्थान नेपालकै भरतखण्ड अन्तर्गत रहेको मुस्ताङ् जिल्लाको सदरमुकाम जोमसोम भन्ने स्थान हो। यस्ता उच्च पहाडले इण्डियाको द्वारकामा यस्ता पर्वत कहाँ छन् र ?

पृथिव्यां यानि तीर्थानि आसमुद्रं सरांसि च।
मथुरायां गमिष्यन्ति सुप्ते चैव जनार्दने॥ (व.पु.अ.१५५/१९)

वराह महापुराणका अनुसार यस लोकमा पृथिवीदेखि तलाउ र समुद्र पर्यन्त जति तीर्थहरू रहेका छन्। ती सबै तीर्थहरू भगवान् जनार्दन सुत्नुभएको चतुर्मासामा चक्रसंज्ञकतीर्थ मथुरा (दामोदरकुण्ड)मा गएर बस्नेछन्। भारतको मथुरालाई चक्रसंज्ञक भनिँदैन।

सर्वे वेदाश्च तीर्थानि धर्माणि सकलानि च।
बसिष्याम सदैवात्र गण्डक्यां जगताम्पते॥

(हि.ख.प.शि.क.अ.२/६४)

अर्थात् स्कन्दमहापुराण लेख्छ– हे जगत्का मालिक ! यस पृथिवीमा भएका वेदहरू, तीर्थहरू र सकल धर्महरू यी सबैले भनेकाछन्। हामीहरू सधैँ यही कृष्णा गण्डकीको प्रस्रवण क्षेत्रमा आएर बस्ने छौँ।

त्रैलोक्यानां गरीष्ठोयं नेपाल इति सर्वतः।
तस्माच्चैव गरष्टिञ्च महती गण्डकी स्थलम्॥ (स्कन्द.ने.म.५९)

अर्थात् यसैगरी स्कन्दमहापुराण लेख्छ– यो पुरै देश नेपाल तीनैलोकमा गरिष्ट र पवित्र छ, त्यसमा पनि महागरिष्ठ स्थान कृष्णागण्डकीको सेरोफेरो नै हो भनिएको छ।

मथुरायां च तीर्थेभ्यो विश्रान्तौ चक्रसज्ञके।
सरस्वत्यामसिकुण्डे तथा कालिञ्जरस्य च॥ (व.पु.१७४/५८)

अर्थात् व्यास महर्षिले म्याग्दी जिल्लाको सरस्वती नदीकिनारमा रहेको सरस्वती तीर्थ, पर्वत जिल्लामा रहेको कालिञ्जर र असीकुण्ड तथा कागबेनी तीर्थमा स्नान गरी विश्रान्ती तथा चक्रसंज्ञक मथुरा तीर्थ(दामोदरकुण्ड)मा गएर तपस्या गर्नुभएको थियो।

यत्र कृष्णेन सञ्चारं क्रीडितञ्च यथा सुखम्।
चक्राङ्कित पदा तेन स्थाने ब्रह्मसमे शुभे॥ (व.पु.१७४/५२)

अर्थात् जहाँ भगवान् श्रीकृण अत्यन्त प्रसन्न भएर

खेल्ने गर्नुहुन्थ्यो । चक्रयुक्त पाउले अङ्कित त्यो दामोदर कुण्ड ब्रह्मलोक समान आनन्ददायक छ ।

गण्डकीं तु समसाद्य सर्वतीर्थ जलोऽवाम्।
वाजपेयमवाप्नोति सूर्यलोकं च गच्छति ॥ (म.व.प.अ.८४/११३)/

अर्थात् पुलस्त्य महर्षि भन्नुहुन्छ– यी कृष्णागण्डकी पृथिवीका सबै तीर्थमा भएका जलबाट उत्पन्न भएकी हुन् । यस नदीमा आएर स्नान गर्ने तीर्थयात्रीले अश्वमेध यज्ञको फल पाई सूर्यलोकमा गएर बस्न पाउँछन् ।

यस पुण्यभूमिमा बस्ने महर्षिहरूको विशेषता बताउँदै लेखिएको छ– परापूर्व कालमा सर्वश्रेष्ठ यज्ञपुरूष महर्षि अगस्त्यले धेरै ठूलाठूला यज्ञहरू सम्पन्न गरेपछि एउटा १२ वर्षमा सम्पन्न गरिने महायज्ञ प्रारम्भ गर्नुभयो । इन्द्रको सल्लाह विना यतिठूलो यज्ञ गर्न लागेकोले स्वयं इन्द्रलाई इन्द्रासन गुम्छ कि भन्ने भयले १२ वर्षसम्म पृथ्वीमा वर्षा नै नगराउने विचार गरे । यो कुरा जानेपछि ऋषिहरूले अब यो यज्ञ सम्पन्न हुनसक्दैन भनेर अगस्त्यलाई सुनाए । अगस्त्यले पनि आफ्नो तपोबल प्रयोग गरेर स्वयं वर्षा गराई यज्ञ सम्पन्न गर्ने निर्णय गरेर यज्ञ सुरू गरेपछि सारा देवता, यक्ष, गन्धर्व, लगायत सबै उपस्थित भएर विधिपूर्वक यज्ञ प्रारम्भ भएपछि इन्द्र पनि लाज मान्दै अगस्त्यको शरण परी यज्ञमा सामेल भए । यसै विषयलाई लिएर यसरी उल्लेख गरेको छ –

उत्तरेभ्यः कुरुभ्यश्च यत्किञ्चित् वसु विद्यते।
सर्वं तदिह यज्ञेषु स्वयमेवोपतिष्ठतु ॥
स्वर्गः स्वर्गसदश्चैव धर्मश्च स्वयमेवतु ॥ (म.अ.मे.प.अ.९२/२६,२७)

अर्थात् उत्तर कुरूवर्षमा जो धन सम्पत्ति रहेको छ त्यो सवै स्वयं मेरो यज्ञमा उपस्थित होओस् । यसैगरी स्वर्गलोक र स्वर्गवासी देवता र धर्म पनि स्वयं यहाँ उपस्थित भएर यज्ञको अमृत पान गरून् । यस्तो वचन गरी ती शक्तिवान् महर्षिले यज्ञ शुरू गरेपछि उनको तपस्याको प्रभावले सबै कुरा त्यहीँ उपस्थित भए ।

यसैगरी उत्तरतर्फ अर्थात् स्वर्गतर्फ बस्ने सम्पूर्ण देवताहरूको नाम लेखी तिनीहरूको पूजन र कीर्तन गर्नाले पनि मानवजीवनको उद्धार हुने कुरा उल्लेख गरेपछि समस्त पापबाट मुक्ति दिलाउन सक्ने तथा महान् तपसिद्धि गरेका ठूलाठूला ब्रह्मर्षिहरू जसले महाभारत पर्वतकै पूर्व, पश्चिम, उत्तर र दक्षण तर्फ बसी सम्पूर्ण धर्म शास्त्रहरू र दर्शन शास्त्रहरू लेख्ने र मानव कल्याणको लागि विभिन्न कर्म गरी ख्यातीप्राप्त गरेका छन् । तिनीहरूका नाम यसप्रकार छन् –

महाभारत पर्वतको पूर्वतर्फ बसी तपस्या गर्ने महर्षिहरूः

यवक्रीतोऽथ रैभ्यश्च कक्षीवानौशिजस्तथा।
भृग्वङ्गिरास्तथा कण्वो मेधा तिथिरथ प्रभुः ॥
बर्ही च गुणसम्पन्नः प्राची दिशमुपाश्रिताः।

महाभारत पर्वतभन्दा उत्तरतर्फ बसी तपस्या गर्ने महर्षिहरूः

उत्तरां दिशमाश्रित्य यः एधन्ते निबोध तान् ॥
अत्रिर्वसिष्ठः शक्तिश्च पाराशर्यश्च वीर्यवान्।
विश्वामित्रो भरद्वाजो जमदग्निस्तथैव च ॥
ऋचीकपुत्रो रामश्च ऋषिरौद्दालकिस्तथा।
श्वेतकेतुः कोहलश्च विपुलो देवलस्तथा ॥
देवशर्मा च धौम्यश्च हस्तिकाश्यप एव च।
लोमशो नाचिकेतश्च लोमहर्षण एव च ॥
ऋषिरुग्रश्रवाश्चैव भार्गवश्च्यवनस्तथा।

महाभारत पर्वतकै दक्षिणतर्फ तपस्या गरी बस्ने महर्षिहरूः

भद्रां दिशं महाभागा उल्मुचुः प्रमुचुस्तथा।
मुमुचुश्च महाभागः स्वस्त्यात्रेयश्च वीर्यवान् ॥
मित्रावरुणयोः पुत्रस्तथागस्त्य प्रतापवान्।
दृढायुश्चोर्धबाहुश्च विश्रुतावृषिसत्तमौ ॥

महाभारत पर्वतकै पश्चिमतर्फ बसी तपस्यारत महर्षिहरूः

पश्चिमां दिशमाश्रित्य य एधन्ते निबोध तान्।
उसङ्गुसह सोदर्यैः परिव्याधश्च वीर्यवान् ॥
ऋषिर्दीर्घतमाश्चैव गौतमः काश्यपस्तथा।
एकतश्च द्वितश्चैव त्रितश्चैव महानृषिः ॥
अत्रेः पुत्रश्च धर्मात्मा तथा सारस्वतः प्रभुः ।
(म.अनु.प.अ.१६५श्लो.३७ देखि ४७ सम्म)

ऋषिमहर्षिहरूका नाम उल्लेख गरिएको यो श्लोकको पाठ गर्नाले पनि मानिसहरू पापबाट छुट्नसक्छन् भनिएको छ ।

महाभारत पर्वत क्षेत्र र यस पर्वतका सेरोफेरो तथा त्यस पर्वत क्षेत्र भित्रका अधित्यका र उपत्यकाहरूमा रहेर शासन गरेका राजर्षिहरूको नाम यसप्रकार रहेको छ –

नृगो ययातिर्नहुषो यदुः पुरुश्च वीर्यवान् ॥
धुन्धुमारो दिलीपश्च सगरश्च प्रतापवान्।

कृशाश्वो यौवनाश्वश्च चित्राश्वः सत्यवांस्तथा ॥
दुष्यन्तो भरतश्चैव चक्रवर्ती महायशाः ।
पवनो जनकश्चैव तथा दृष्टरथो नृपः ॥
रघुर्नरवरश्चैव तथा दशरथो नृपः ।
रामो राक्षसहा वीरः शशविन्दुर्भगीरथः ॥
हरिश्चन्द्रो मरुत्तश्च तथा दृढरथो नृपः ।
महोदर्यो ह्यलर्कश्च ऐलश्चैव नराधिपः ॥
करन्धमो नरश्रेष्ठः कध्मोरश्च नराधिपः।
दक्षोऽम्बरीषः कुकुरो रैवतश्च महायशाः ।
कुरुः संबरणश्चैव मान्धाता सत्यविक्रमः ।
मुचुकुन्दश्च राजर्षिर्जह्नुर्जाह्नवीसेवितः ॥
आदिराजः पृथुर्वैन्यो मित्रभानुः प्रियङ्करः ।
त्रसद्दस्युस्तथा राजा श्वेतो राजर्षिसत्तमः ॥
महाभिषश्च विख्यातो निमि राजा तथाष्टकः ।
आयुः क्षुपश्च राजर्षिः कक्षेयुश्च नराधिपः ॥
प्रतर्दनो दिवोदासः सुदासः कोशलेश्वरः ।
ऐलो नलश्च राजर्षिर्मनुश्चैव प्रजापतिः ॥
हविध्रश्च पृषध्रश्च प्रतीपः शान्तनुस्तथा ।
अजः प्राचीनवर्हिश्च तथेक्ष्वाकुर्महायशाः ॥
अनरण्यो नरपतिर्जानुजंघस्तथैव च ।
कक्षसेनश्च राजर्षिर्ये चान्ये चानुकीर्तिताः ॥
(म.अनु.प.अ.१६६श्लो.४८ देखि ५९ सम्म)

पुण्यभूमि नेपालको परिचय महाभारत अनुसार -

आसमुद्राच्च यत् पूर्वादासमूद्राच्च पश्चिमात्।
हिमाद्रिविन्ध्ययोर्मध्यमायावर्तं प्रचक्षते ॥
म.अ.मे.प.अ.९२/पे.१०५६)

अर्थात् पूर्वी समुद्रदेखि पश्चिम समुद्र तथा हिमालय पर्वतदेखि विन्ध्याचल पर्वतसम्मको भूभागमा रहेको क्षेत्रलाई आर्यावर्त भूमि भनिन्छ । अतः नेपाल देश नै आर्यावर्त भूमि हो ।

हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग्विशसनादपि । (विशसन कुरुक्षेत्र)
प्रत्यगेव प्रयागात्तु मध्यदेश प्रकीर्तितः ॥(म.अ.मे.प.अ.९२/पे.१०५७)

अर्थात् हिमालय र विन्ध्याचल पर्वत तथा कुरूक्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिमको भूभागलाई मध्यदेश भनिन्छ अतः यही नेपालको समतल भूमिलाई नै मध्यदेश भन्ने गरिएको छ ।

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।
स ज्ञेयो याज्ञिको देशो ल्मेच्छदेशस्ततःपरम् ॥
(म.अ.मे.प.अ.९२/पे.१०५७)

अर्थात् जुन देशमा कृष्णसार मृगहरू पाइन्छन् त्यो देश स्वभावैले यज्ञ गर्न मिल्ले याज्ञिक देश वा आर्यदेश हो भनेको छ । नेपालका जङ्गलमा यत्र तत्र कृष्णसार मृग पाइन्छन् त्यसैले यो आयावर्त भूमि हो । कृष्णसार मृग नपाइने देशलाई म्लेच्छदेश भनिन्छ ।

कुरुक्षेत्रं च मत्स्याश्च पाञ्चालाः शूरसेनयः ।
एते ब्रह्मर्षिदेशास्तु ब्रह्मावर्तादनन्तराः ॥ (म.अ.मे.प.अ.९२पे.१०५६)

अर्थात् कुरूक्षेत्र, मत्स्य, पाञ्चाल र शूरसेन यी ब्रह्मर्षि देश हुन् । यी देशहरू ब्रह्मावर्त देशका निकट मानिन्छन् ।

पर्वतानां महामेरुः सर्वेषांमग्रजः स्मृतः ।
दिशां च प्रदिशां चोर्ध्वं दिक्पूर्वा प्रथमा तथा ॥
(म.अ.मे.प.अ.४४/१३)

अर्थात् समस्त पर्वतहरूमा सर्वप्रथम महामेरू पर्वतको उत्पत्ति भएको हो । यो मेरू पर्वत पनि म्याग्दी जिल्लाको उच्च पहाड हो । त्यस्तै दिशा र विदिशाहरूमा पूर्वदिशा नै उत्तम र प्रथम मानिन्छ ।

पूर्णं वर्षसहस्रं तु तप्तवानेष माधवः ।
प्रसाद्य वरदं देवं चराचर गुरुं शिवम् ॥(म.अ.शा.प.अ.१४/१२)

अर्थात् भगवान् कृष्णले कैलाश पर्वतमा गई वरदायक देवता चराचरगुरू भगवान् शिवको पूरा एकहजार वर्षसम्म तपस्या गरेर खुशी बनाएका थिए ।

युगे युगे तु कृष्णेन तोषितो वै महेश्वरः ।
भक्त्या परमया चैव प्रीतश्चैव महात्मनः ॥(म.अ.शा.प.अ.१४/१३)

अर्थात् भगवान् कृष्णले प्रत्येक युगमा महेश्वरलाई सन्तुष्ट बनाउन चाहनुहुन्छ र महात्मा श्रीकृष्णको परम भक्तिबाट शिव पनि सदा प्रसन्न हुनुहुन्छ ।

सरांसि सरितश्चैव वनानि च गिरिंस्तथा ।
अतिक्रम्यासासादाथ रम्यां द्वारवतीं पुरीम् ॥
वर्तमाने महाराज महे रैवतकस्य च ।
उपायात् पुण्डरीकाक्षो युयुधानानुगस्तदा ॥ (म.अ.मे.प.अ.५९/३,४)

अर्थात् कुनै समय द्वारावती पुरी अर्थात् द्वारकाको महामहोत्सवमा जानको लागि भगवान् श्रीकृष्ण पनि बाटामा पर्ने अनेकानेक सरोवरहरू, नदीहरू, वनहरू र अग्ला अग्ला पहाडहरू नाघेर उहाँ त्यस रमणीय नगरीमा पुग्नुभयो । हे महाराज ! त्यस रैवतक पर्वतमा त्यस समयमा कोही ठूलो

उत्सव मनाइरहेको थियो । सात्यकिलाई साथमा लिएर कमलनयन भगवान् श्रीकृष्ण पनि त्यहीँ उपस्थित हुनुभयो ।

महाभारतका सम्पूर्ण पर्व महर्षी वेदव्यासजीले रचना गरेपछि शिवपार्वतीका छोरा श्रीगणेशले लेख्नुभएको कथालाई गौरीशंकर वशिष्ठले कूल १००२२७ (एकलाख दुई सय सत्ताइस) श्लोक उल्लेखगरी संस्कृतभाषामा प्रकाशन गर्नुभएको रहेछ । महाभारत पढ्दै जाँदा मलाई महाभारत पनि वेदजस्तै महान् ग्रन्थ हो भन्ने पूर्ण विश्वास भएको छ । यो महाकाव्य सृष्टि र मानव जीवनका सम्पूर्ण पक्षलाई समेटेर उल्लेख भएको छ ।

महाभारत महाकाव्यमा लेखिएको छ– कुरूक्षेत्रको लडाइँमा कौरव पक्षको ११ (एघार) अक्षौहिणी फौज र पाण्डव पक्षका ७ (सात) अक्षौहिणी फौज जम्मा भएर लडाइँ शुरू भएको थियो । लडाइँ हुनुको कारण भगवान् कृष्णको इच्छा वा कार्यभार नै थियो । किनभने यो पृथ्वी पापीजनहरूबाट आक्रान्त भई धर्म, न्याय र इमान समाप्त भएपछि पृथ्वीकै पुकार अनुसार पापीहरूलाई नाश गरी भक्तजन र सज्जनहरूको रक्षा गर्नुपर्ने आवश्यकता भएकोले भगवान् कृष्णले पनि अवतार लिई दुष्टहरूलाई समाप्त गरी विदा हुनुभएको थियो । अतः कुरूक्षेत्रको लडाइँ अवश्यम्भावी भएको देखिन्छ । यो महाभारतको लडाइँमा एक अरब छैसट्ठी करोड बीस हजार सेना मारिए । चौबीस हजार एक सय पैसट्ठी सेनाहरू हराएर बेपत्ता भए भने अरू बाँकी सेनाहरू भागेर आफ्नो ज्यान बचाए ।

एक अक्षौहिणी भनेको यति संख्या हो भनेर श्रीमद्भागवतमहापुराण दशमस्कन्ध उत्तरार्धमा उल्लेख छ–

नागायुतञ्च त्रिगुणीरथानां लक्षञ्च योद्धा दशलक्ष वाजिना ।
पदाती संख्या षट्त्रिंशत् कोट्यां अक्षौहिणीनां मुनयो वदन्ति ॥

अर्थात् कुरूक्षेत्रको लडाइँमा अठार अक्षौहिणी फौज जम्मा भएका थिए । एक अक्षौहिणीमा दशहजार हात्ती, तीस हजार रथ, एक लाख योद्धा, दशलाख घोडाहरू र छत्तीस करोड पैदल हिंडेर लड्ने योद्धाहरू हुन्छन् । यसरी जम्मा संख्या ३६ करोड ११ लाख ४० हजार संख्याको एक अक्षौहिणी हुन्छ ।

द्वापरयुगमा कंस, जरासन्ध र दुर्योधन आदिको अत्याचार र अधर्मले गर्दा पृथ्वीले पापको भार वहन गर्न नसकी भगवान्सँग पुकार गरेकी हुँदा भगवान् विष्णुले कृष्ण अवतार लिएर वसुदेव देवकीको कोखबाट मानव रूपमा प्रकट भई सबै दुराचारीलाई समाप्त गरी आफू पनि विदा हुनुभएको थियो । वर्तमान कलियुगमा पनि संसारमै वैदिक सनातन धर्म विरोधी अति धेरै दुराचारीहरूको विगविगी भएर सज्जन मानिसलाई बाच्न गाह्रो भएको छ, अतः भगवान्ले नकुली वा कल्की अवतार लिएर आउँदै हुनुहुन्छ ।❖

(संस्थापक अध्यक्ष)
– विश्व विराट ज्ञान आश्रम, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं।

हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान
फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

ब्रह्माः एक परिचय



भागवतश्री न्यौपाने



पौराणिक ग्रन्थमा वर्णन गरिएका त्रिमूर्तिमा ब्रह्मा, विष्णु र शिवलाई लिइन्छ । यी तीनमा ब्रह्माको नाम पहिले आउँछ, किनकि उनी ब्रह्माण्डका आदि सृष्टिकर्ता, प्रजापति, पूर्वज र हिरण्यगर्भ हुन् । ब्रह्मपुराणमा ब्रह्माको स्वरूप विष्णुको जस्तै बताइएको छ । उनलाई ज्ञान स्वरूप परमेश्वर अझ सम्पूर्ण प्राणीहरूको जन्मदाता र अन्तर आत्माको रूपमा बताउँदै कार्यकारण तथा चल र अचल पनि यिनकै नियन्त्रणमा रहने उल्लेख गरिएको छ । सबै कला एवम् विद्या पनि यिनीबाटै प्रकट हुन्छन् र यिनी त्रिगुणात्मिका मायाबाट पनि पर छन् भनेर भनिएको छ ।

ब्रह्मा परमात्माको प्रत्यक्ष सिर्जनशक्ति हुन् जसले दृश्य विश्वको रचना गरेका छन् । उनी परमतत्त्वबाट प्रकट भएका सिर्जनात्मक चेतना हुन् । विभिन्न परम्परामा ब्रह्माको उत्पत्तिको फरक फरक स्थान छ । वैदिक परम्पराले परम पुरुषबाट ब्रह्मा जन्मिएका हुन् भन्छ भने उपनिषद्‌ले परमब्रह्मबाट जन्मिएको भन्छ । यसैगरी वैष्णवले विष्णुको नाभि कमलबाट जन्मेको मान्दछन् भने शाक्त परम्परामा आद्याशक्ति देवीबाट जन्मिएका हुन् भनिन्छ । शिव पुराणका अनुसार भने महादेवबाट नै ब्रह्माको जन्म भएको हो भनिएको छ ।

पुराणहरूमा वर्णित ब्रह्माको रूप वैदिक प्रजापतिबाट विकसित हो । वैदिक प्रजापति सम्बन्धी सबै कथाहरू ब्रह्मासँग सम्बन्धित मानिन्छन् । प्रजापति र उनकी छोरीको कथा पुराणहरूमा ब्रह्मा र सरस्वतीको रूपमा वर्णन गरिएको छ । भारतीय दर्शन अनुसार, निर्गुण (तीन गुणहरू- सत्व, रजस र तमस) भन्दा पर छ, जसलाई निराकार र सर्वव्यापी मानिन्छ, उनलाई ब्रह्म भनिन्छ । त्यसैले, यी सबै गुणहरू भएका कारण उनलाई ब्रह्मा भनिन्छ । ब्रह्मालाई स्वयम्भू, विधाता, चतुर्मुखा आदि अन्य नामहरूले पनि चिनिन्छ ।

विष्णुपुराणमा वर्णन गरिए अनुसार, महाप्रलयपछि भगवान् नारायण लामो समयसम्म क्षीरसागर (दुधको समुद्र) मा योगनिद्रामा डुबिरहनुभयो । उहाँको शरीरभित्र, सबै जीवित प्राणीहरू सूक्ष्म रूपमा विद्यमान थिए । केवल समयको शक्ति मात्र जागा थियो, किनभने उसको काम प्राणीहरूलाई जगाउनु थियो । जब समयको शक्तिले प्राणीहरूलाई उनीहरूको कर्मअनुसार कार्य गर्न प्रेरित गऱ्यो, तब उनीहरूको ध्यान सूक्ष्म तत्त्व, जस्तै लिङ्ग-शरीरतर्फ गयो र यही अस्तित्व कमलको रूपमा उनको नाभिबाट उत्पन्न भयो । त्यसमाथि ब्रह्मा आफैँ प्रकट भए । यसैले उनलाई स्वयम्भू भनियो । ब्रह्मा आफू को हुँ, कहाँबाट आएको हुँ र कहाँ छु भन्ने सोचेर ध्यानमा मग्न भए; यसरी, कमलको डाँठबाट घुमेर विष्णुको नाभिको नजिकसम्म पुगे पनि, उनले विष्णुलाई देख्न सकेनन् ।

विष्णु योगनिद्राबाट ब्युँझिँदा उनको नाइटोबाट एउटा दिव्य कमल फुलेको थियो, जसको पत्रहरूमा स्वयम्भू ब्रह्मा प्रकट भएका थिए । उनले आफ्नो दृष्टि चारैतिर घुमाएर शून्यमा हेरे । यही इशाराबाट उनका चार मुखहरू देखा परे, चारै दिशामा एक-एकवटा । जब

उनले चारैतिर हेरे र केही देखेनन्, उनी सोच्न थाले, 'यो कमलमाथि बसेको म को हुँ ? म कहाँबाट आएको हुँ र यो कमल कहाँबाट फुलेको हो?'

लामो समयसम्म योग अभ्यासबाट तपस्या गरेपछि ब्रह्माजीले शेषशय्यामा सुतिरहनुभएका भगवान् विष्णुको दर्शन गरे । आफू र सम्पूर्ण ब्रह्माण्डको कारण, सर्वोच्च सत्तालाई देखेर उनी अत्यन्त प्रसन्न भए र भगवान् विष्णुको प्रशंसा गरे । भगवान् विष्णुले ब्रह्माजीलाई भने, 'अब तिमीले मेरो कृपा पाएका छौ र शक्तिशाली पनि भएका छौ । त्यसैले, अब तिमीले ब्रह्माण्डको सृष्टि गर्ने प्रयास गर्नुपर्छ ।' कठोर तपस्यापछि उनले आफ्नै मनभित्र सबै लोकहरू स्पष्ट रूपमा देखे र ब्रह्माण्डको सृष्टि गरे । त्यसपछि विष्णु अन्तर्ध्यान भए । वास्तवमा सृष्टि नै ब्रह्माको मुख्य कार्य हो ।

ऋग्वेदमा ब्रह्मालाई सृष्टिकर्ता, प्रजापति तथा हिरण्यगर्भ रूपमा वर्णन गरिएको छ ।

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आस ।
स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥
(ऋग्वेद १०.१२१)

अर्थात्, सृष्टिको प्रारम्भमा हिरण्यगर्भ (ब्रह्मा) प्रकट भए । सबै प्राणीहरूको अधिपति रहेर उनले पृथ्वी र स्वर्गलाई धारण गरे ।

शतपथ ब्राह्मणमा ब्रह्माको सृष्टि-कथन आदित्य रूपबाट भएको भनिएको छ ।

स एष प्रजापतिः आदित्यादजायत । (शतपथ ब्राह्मण ११.१.६)

अर्थात्, यस ब्रह्माण्डमा सृष्टिकर्ता प्रजापति (ब्रह्मा) आदित्य रूपबाट उत्पन्न भए ।

पुराणहरूमा ब्रह्मालाई सृष्टिकर्ता, चतुराननका रूपमा वर्णन गरिएको छ ।

(क) विष्णु पुराण

तमग्रं पुरुषं विष्णुं योनिमुग्रं स चाब्रवीत्।
ततोऽभवत् स्वयं ब्रह्मा विश्वसृष्ट्येककारणं ॥
(विष्णु पुराण१.२.३६)

अर्थात्, विष्णुबाट एक मात्र सृष्टिकर्ता ब्रह्मा प्रकट भए ।

(ख) श्रीमदभागवत पुराण

नाभ्यां तु हृदयं तस्य हृदयात्कण्ठमूर्ध्वतः।
मुखमासीत् त्रिलोकेशो बह्मा विश्वसृजां पिता ॥
(स्कन्ध ३, कपिल संवाद, भागवत ३.८.१६)

अर्थात्, ब्रह्मा भगवान् नारायणको नाभिस्थित कमलबाट प्रकट भए, उनी सृष्टिकर्ता पिता हुन् ।

(ग) शिव पुराण

ब्रह्मा विष्णुश्च रुद्रश्च सृष्टिस्थित्यन्तकारकाः । (विद्वेषसंहिता)

अर्थात्, ब्रह्मा- सृष्टि, विष्णु- स्थिति र रुद्र- संहारका अधिष्ठाता हुन् ।

(घ) लिंगपुराण

पद्मसुत्रानुसारेण चान्वपश्यत्पितामहः
उज्जहारात्मनो रूपं पुष्कराच्चतुराननः । (२०-३१ ४)

अर्थात्, भगवान् विष्णुको पेटमा सबै लोकहरू घुम्नुभएको ब्रह्माले लामो समयसम्म पनि बाहिर निस्कने ठाउँ पाउनु भएन । अन्तिममा आफ्नो सूक्ष्म रूप धारण गरेर नाभिमा मार्ग पाउनुभयो र पद्मसूत्र (कमलको डाँठ)को सहाराले कमलबाट स्वयंलाई बाहिर निकाल्नुभयो । त्यसपछि पद्म गर्व समान कान्ति भएका स्वयम्भु पितामह भगवान् ब्रह्मा कमलमाथि शोभित हुनुभयो ।

(ङ) महाभारत

ब्रह्मा प्रजापतिः स्वयं सर्वलोकपितामहः ।
(वनपर्व, अध्याय २६९)

अर्थात्, ब्रह्मा नै सर्वलोकका पिता तथा प्रजापति हुन् ।

(च) मनुस्मृति

सोऽभिध्यायात्मनो भूत्वा द्विधा देहमपावृतम्।
अर्धेन नररूपेण योऽन्येन स्त्री स्वरूपिणा ॥ (मनुस्मृति १.९)

अर्थात्, ब्रह्माले ध्यान गरी स्वयंबाटै सृष्टिको प्रारम्भ गरे ।

(छ रामायण

ततो जगत् महद्भूतं ब्रह्मणा निर्मितं पुरा ।
(वाल्मीकि रामायण, बालकाण्ड १.७३.१)

अर्थात्, यो अद्भूत जगत् प्राचीन कालमा ब्रह्माद्वारा निर्मित छ ।

(ज) भगवदगीता

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् । (गीता १४.३)

अर्थात्, महद्ब्रह्म (प्रकृति/ब्रह्मा सम्बन्धी शक्ति) मा परमेश्वरले बीज राखेपछि सृष्टि प्रकट हुन्छ ।

ब्रह्माका हातमा क्रमशः वरदमुद्रा, अक्षरसूत्र, वेद र कमण्डलु हुन्छन् । उनकी पत्नी सावित्री हुन् । देवी सरस्वतीलाई उनकी छोरी मानिन्छ । उनको वाहन हँस

हो। भगवान् विष्णुको प्रेरणाले देवी सरस्वतीले ब्रह्मालाई सबै वेदहरूको ज्ञान प्रदान गरिन्। उनले आफ्नो चार मुखबाट चार वेदहरू प्रकट गरे। ब्रह्मालाई देवताहरू, दानवहरू र सबै जीवित प्राणीहरूका पितामह मानिन्छ।

ब्रह्मपुराणमा ब्रह्माको रूप विष्णुको जस्तै चित्रण गरिएको छ। उनलाई ज्ञानको मूर्त रूप, परम सत्ता, अविनाशी, महान्, सबै जीवहरूका सृष्टिकर्ता र अन्तर्मनको रूपमा वर्णन गरिएको छ। सक्रिय र निष्क्रिय तथा सबै चल र अचल वस्तुहरू उनकै नियन्त्रणमा छन्। उनले सबै कला र विज्ञानहरू प्रकट गरे। उनी त्रिगुणात्मक मायाभन्दा परका ब्रह्म हुन्। उनी हिरण्यगर्भ हुन् र सम्पूर्ण ब्रह्माण्ड उनैबाट उत्पन्न भएको हो।

सबै पुराण र स्मृतिहरूले ब्रह्माण्डमा सृष्टि प्रक्रियाको सबैभन्दा पहिलो घटनाको रूपमा ब्रह्माको अवतारको वर्णन गर्छन्। उनले मानसिक संकल्पद्वारा प्रजापतिहरूको सृष्टि गर्छन् र उनीद्वारा सम्पूर्ण सृष्टि सिर्जना हुन्छ। यही कारणले उनलाई प्रजापतिहरूको पति पनि भनिन्छ। मरीचि, अत्रि, अंगिरा, पुलस्त्य, पुलह, ऋतु, भृगु, वसिष्ठ, दक्ष र कर्डम दस प्रमुख प्रजापतिहरू हुन्। मार्कण्डेय पुराणमा रहेको मधु-कैटभ-वधको प्रसङ्गले विष्णुको उदय र ब्रह्माको पतनलाई देखाउँछ। पूजाको लागि ब्रह्माको मूर्ति बनाइएको वर्णन मत्स्य पुराणमा पाइन्छ।

भागवतादि पुराणहरूका अनुसार भगवान् रूद्र पनि ब्रह्माको निधारबाट उत्पन्न भएका थिए। मानवजातिका पूर्वज राजा मनु, उनको दाहिने भागबाट र सतरूपा उनको बायाँ भागबाट उत्पन्न भएकी थिइन्। स्वयम्भू मनु र रानी सतरूपाबाटै सृष्टिको क्रम सुरू भयो। शास्त्रहरूका अनुसार, ब्रह्माले पहिले पृथ्वी सहित सम्पूर्ण ब्रह्माण्डको सृष्टि गरे। त्यसपछि उनले जीवित प्राणीहरूको सृष्टिको लागि मनन गरे र आफ्नो शरीरका विभिन्न भागहरूबाट छोराहरूलाई जन्म दिए। उनको मनबाट मरीचि, आँखाबाट अत्रि, मुखबाट अंगिरा, कानबाट पुलस्त्य, नाभिबाट पुलह, हातबाट क्रितु, छालाबाट भृगु, प्राणबाट वशिष्ठ, खुट्टाको ठूलो औंलाबाट दक्ष, छायाबाट कन्दर्भ, खुट्टाको घुँडाबाट नारद, इच्छाबाट सनक, सनन्दन, सनातन, सनत्कुमार, शरीरबाट शतरूपा, मनु, ध्यानबाट चित्रगुप्तको जन्म भएको हो। यी सबैलाई मानस पुत्रहरू भनिन्छ।

एकपटक ब्रह्मा र विष्णुमा को ठूलो हो भन्ने विषयमा विवाद भयो। उनीहरूको बीचमा महादेवको तेजस्वी रूप प्रकट भयो। त्यतिबेला नै आकाशवाणी भयो कि जो कोहीले त्यो रूपको अन्त्य देख्न सक्छ उसैलाई सर्वोच्च मानिनेछ। विष्णु तल्लो सीमा र ब्रह्मा माथिल्लो सीमा खोज्न गए। विष्णु छिट्टै फर्किए भने ब्रह्मा शिवको स्वरूपको अन्त्य खोज्न धेरै टाढा गए।

फर्कँदा ब्रह्माले 'शिवको स्वरूप देखेको छु' भनी झुटो बोल्ने सोचे। उनले आफ्नै मुखबाट झुटो बोल्नु हुँदैन भन्ने सोची गधाको टाउको (ब्रह्माको पाँचौं टाउको भनेर चिनिने) बनाएर त्यसलाई बोल्न लगाए, 'हे विष्णु, मैले शिवको स्वरूपको अन्त्य देखेको छु।' तत्कालै शिव र विष्णुका ज्योतिर्मय स्वरूपहरू एक भए। ब्रह्माले झुटो बोलेको थाहा भयो। ब्रह्माको सो झूटो बोली 'वाणी' नामक नदीको रूपमा प्रकट भयो। पछी आफ्नो प्रार्थनाले ती दुबै देवलाई प्रसन्न पारेर सरस्वती नदीको नामले गंगामा विलीन भई आफ्नो श्रापबाट मुक्त भइन्।

पुराणमा ब्रह्मा पुत्रहरूलाई ब्रह्मा आत्मा वै जायते पुत्रः नै भनेको छ। ब्रह्माले सर्वप्रथम जुन चार पुत्रहरू- सनक, सनन्दन, सनातन र सनत्कुमारको रचना गर्नुभयो। उनीहरू ब्रह्मचर्यमै रहेर ब्रह्मतत्त्व जान्नतिर लागे। आफ्ना पुत्रहरूको यस्तो निरपेक्ष व्यबहार देखेर ब्रह्मालाई भयंकर क्रोध उत्पन्न भयो। त्यस क्रोधले निधारबाट एउटा ज्योती निस्किएर अर्धनारीश्वर रूद्रको उत्पत्ती भयो। ब्रह्माले त्यस अर्धनरीश्वर रूद्रलाई स्त्री र पुरुष गरी दुई भागमा विभक्त गरिदिनुभयो र पुरूषहको नाम 'का' र स्त्रीको नाम 'या' राखिदिनुभयो। दुबै मिलेर 'काया' बने।

प्रजापत्यकल्पमा ब्रह्माले रूद्र रूपलाई नै स्वयम्भू मनु र स्त्री रूपमा सतरूपालाई जन्म दिनुभयो। यिनै दुईबाट प्रियव्रत, उत्तानपाद, प्रसूति र आकृति नाम गरेका सन्तानहरू जन्मिए। फेरि आकृतीको विवाह रूचिसँग र प्रसुतिको विवाह दक्षसँग भयो।

दक्ष र प्रसुतिबाट २४ कन्याहरूको जन्म भयो। यिनीहरूको नाम श्रद्धा, लक्ष्मी, पुष्टि, धुती, तुष्टि, मेधा, क्रिया, बुद्धि, लज्जा, बपु, शान्ति, रिद्धि र कृति हो।

१३ जनाको विवाह धर्मसँग भयो फेरि भृगुसँग ख्यातिको, शिवसँग सतीको, मरिचीसँग सम्भुतिको, अङ्गिरासँग स्मृतिको, पुलस्त्यसँग प्रीतिको, पुलहसँग क्षमाको, कृतिसँग सन्नतिको, अत्रिसँग अनुसुयाको, वशिष्ठसँग ऊर्जाको, वन्ह्वसँग स्वाहाको तथा पितारा पितरसँग स्वधाको विवाह भयो । यिनै युगल जोडीहरूले नै यसपछिको सृष्टिको विस्तार गरेका हुन् ।

देवता र दानवहरूले तपस्यामा प्रायः ब्रह्मालाई सबैभन्दा बढी पूजा गर्छन् । देवता, ऋषि, गन्धर्व, किन्नर र विद्याधर ऋषिहरू निरन्तर उनको पूजामा लागिरहन्छन् । उनले नै विप्रचित्ति, महिषासुर, तारकासुर, हिरण्यकशिपु, शुम्भ-निशुम्भ, रावण, कुम्भकर्ण, गजासुर र त्रिपुरासुर नामक दानवहरूलाई वरदान दिएर अजेय बनाएका थिए । ब्रह्मा देवता, दानव र सबै जीवित प्राणीहरूका 'पितामह' पनि हुन् । तापनि उनी विशेष गरी धर्मप्रति पक्षपाती छन् । त्यसैले जब देवताहरू असुरहरूसँगको लडाइँमा पराजित भएपछि ब्रह्माकहाँ पुग्छन्, उनले देवताको पक्ष लिँदै भगवान् विष्णुलाई धर्मको स्थापनाको लागि अवतारहरू लिन प्रेरित गर्छन् । त्यसकारण भगवान् विष्णुले लिएका सबै अवतारहरू ब्रह्माकै प्रेरणाबाट भएका हुन् ।

ब्राह्मण पुराणहरूमा उनी त्रिमूर्तिमा प्रमुख र आदि मानिए पनि धार्मिक सम्प्रदायहरूको दृष्टिकोणबाट उनको स्थान विष्णु, शिव, शक्ति, गणेश, सूर्य र अन्यभन्दा गौण भयो । उनीहरूले छुट्टै सम्प्रदाय स्थापना गर्न सकेनन् । तर शैव र शाक्त अगमहरू जस्तै ब्रह्मा पूजाको पनि एउटा छुट्टै सम्प्रदाय छ, जसलाई वैखानस सम्प्रदाय भनिन्छ । वैखानस सम्प्रदायलाई सबै सम्प्रदायहरूले मान्यता दिएका छन् । ब्रह्माको पूजा सामान्यतया अमूर्त हुन्छ । उनको मुख्य रूपमा सर्वतोभद्रक्षेत्र र लिङ्गतोभद्रक्षेत्रहरूमा पूजा गरिन्छ । यसका साथै भगवान् ब्रह्मालाई माध्व संप्रदायका प्रथम आचार्य मानिन्छ । त्यसैले, उडुपी जस्ता मुख्य माध्व पीठहरूमा उनको पूजा र आराधनाको एक विशेष परम्परा छ ।

ब्रह्माको सबैभन्दा प्रसिद्ध तीर्थस्थल अजमेर नजिकैको पुष्कर र ब्रह्मावर्त-क्षेत्र (विठुर) हो । यही पुष्करमा नै ब्रह्माजीले कार्तिक शुक्ल एकादशीबाट पूर्णिमासम्म यज्ञ गरेका थिए । यसै स्मृतिमा लामो समयदेखि यहाँ कार्तिकमा भव्य मेला लाग्दै आइरहेको छ । विश्वमा एउटा मात्र प्राचीन ब्रह्माको मन्दिर यहीँ छ । मन्दिरको पछाडि रत्नागिरी पहाडमा ब्रह्माजीकी पहिलो पत्नी सावित्रीको मन्दिर छ । ब्रह्माजीको हातबाट खसेको कमलबाट नै यो तलाउ बनेको हो भन्ने विश्वास गरिन्छ । पुष्कर ताल बन्नुको कारणबारे पद्मपुराणमा वर्णन गरिएको छ ।

ब्रह्मालाई समर्पित मन्दिरहरू अत्यन्तै कम छन् । काठमाण्डौं उपत्यकामा हालसम्म ब्रह्माका करिब आठ मूर्तिहरू फेला परेका छन् । तीमध्ये, राष्ट्रिय नाचघरको ब्रह्माको मूर्ति सबैभन्दा पुरानो हो, जुन ईस्वी संवत् ३औं शताब्दीको मानिन्छ । ब्रह्माको एउटा मूर्ति मृगस्थली जङ्गल जाने बाटोको देब्रे पर्खालमा फेला परेको थियो । उनलाई तीन टाउको भएको ठूलो कमलमा योग मुद्रामा बसेको देखाइएको थियो; पछाडिको चौथो टाउको देखिँदैनथ्यो । उनको माथिल्लो दाहिने हातमा जपमाला र देब्रे माथिल्लो हातमा वेदको प्रतीक, एक पाण्डुलिपि

थियो । उनको तल्लो देब्रे हातमा पानीको घडा र तल्लो दाहिने हात क्षतिग्रस्त थियो । उनको दाहिने हात वरदमुद्रा, उदारताको मुद्रामा थियो भन्ने सम्भावना छ । उनको चुल्ठोसँगै, उनले हार, पवित्र धागो, देब्रे काँधमा हरिणको छाला ओढेका र धोती लगाएका थिए । यो मूर्ति

विस्तृत विवरणसहित उच्च रिलीफमा कुँदिएको थियो, विशेष गरी ब्रह्मा बसेको कमलको पत्रहरूमा । ब्रह्माको दायाँपट्टि, दाह्री भएका र दुब्ला-पातला दुई ऋषिहरूलाई देखाइएको थियो, जसमध्ये प्रत्येकले देब्रे हातमा पानीको घडा समातेका थिए । सम्भवतः, ब्रह्माको अर्को छेउमा पनि ऋषिहरूका आकृतिहरू थिए । उक्त शिल्पलाई पहाडी गुफाको रूप देखाउन चट्टानका संरचनाहरूले सजाइएको थियो ।

बनेपाको नालामा ब्रह्मायणी मन्दिरमा तीनमुख भएको ब्रह्माको ठूलो मूर्ति छ । यस मूर्तिमा ब्रह्मालाई कमलको फूलमाथि बसेको देखाइएको छ । चापागाउँ ललितपुरमा लिच्छवीकालीन छैटौं शताब्दीको ब्रह्माको मूर्ति पाइएको छ, जुन कुसान शैलीबाट प्रभावित छ । पशुपतिनाथ मन्दिर परिसरको उत्तर भागमा ब्रह्माको ९औं शताब्दीको मन्दिर छ । यो पशुपतिनाथ परिसरमा रहेका ५१८ साना मन्दिरहरूमध्ये एक हो ।

जय बागेश्वरीस्थित ब्रह्मा मन्दिर पशुपति क्षेत्रमा नै पर्छ, जसलाई देवपाटन पनि भनिन्छ । यो मन्दिर करिब ७०वर्ष अघिदेखि नै जीर्ण अवस्थामा थियो, किनकि ५० वर्षअगाडि यसको मुख्य चारमुखी ब्रह्माको मूर्ति चोरी भएको थियो । मूर्ति चोरी भएपछि यो मन्दिर खण्डहरमा परिणत भएको थियो । यस मन्दिरको पुनर्निर्माण २०२४ सालमै गरिने भनिएपनि हाल आएर मात्र मन्दिरको पुनर्निर्माण गरी मूर्ति पुनःस्थापना गरिएको छ । मन्दिरको पुनर्निर्माण काठमाडौं महानगरपालिकामार्फत भएको हो । यस मूर्तिलाई छैटौं शताब्दीको मानिएको छ । नेपालमा ब्रह्माको मन्दिर पुनर्जीवित गरी धार्मिक-सांस्कृतिक धरोहरको रूपमा संरक्षण गर्ने कार्य वास्तवमै महत्त्वपूर्ण घटना हो । हालै यो मन्दिर पर्यटक र भक्तहरूका लागि

खुला गरिएको छ ।

ब्रह्मा हिन्दु दार्शनिक र पौराणिक परम्परामा सृष्टिकर्ता प्रजापति पितामह र ज्ञान स्वरूपको रूपमा एक अनन्त प्रतीक बनेर प्रस्तुत छन् । यद्यपि पूजा परम्परामा उनी अन्य देवता जत्तिकै प्रचारित छैनन् तर धार्मिक दार्शनिक दृष्टिकोणले ब्रह्माको स्थान अद्वितीय छ । सृष्टि, चेतना, वेद, ज्ञान र ब्रह्माण्डको आदि कारणका रूपमा उनको महिमा अनन्त रहिरहेको छ ।❖

-सेतोपुल, काठमाडौं

वैवाहिक सम्बन्ध र नारी सम्मान

अनुप्रस्तुति : अस्मिता नेपाल

हाम्रो समाजमा नाता सम्बन्धका बारेमा ठुलो चासो राखिन्छ । हुन पनि हामी नाता सम्बन्धकै कारण समाजमा एक अर्कासँग जोडिएका हुन्छौँ । एक अर्कासँगको जिम्मेवारी पनि वहन गरिरहेका हुन्छौँ । एकै परिवारमा जन्मेका बीच विशेष गहिरो नाता हुन्छ । विभिन्न परिवारमा जन्मेकाहरू बीच पनि गहिरो नाता हुन्छ, तर एकै परिवारका अनुपातमा नहुन पनि सक्छ । विभिन्न नाता सम्बन्धहरू मध्ये पनि मित्रताको नाता सम्बन्ध अलि फरक सम्बन्ध हो । यो सम्बन्ध पारिवारिक सम्बन्धकै तहमा र कदाचित् अझबढी पनि हुन सक्छ । मित्रताकै सम्बन्धका आधारमा समाजमा अरू नयाँ-नयाँ सम्बन्धहरू बन्छन् । कति पारिवारिक सम्बन्ध जुटाउनमा पनि मित्रहरूको भूमिका रहन सक्छ । मित्रका मित्र पनि मित्र नै हुन्छन् । यसरी कति सम्बन्धहरू त गहिरो नातासम्बन्धमा पनि बदलिन्छन् । मित्रताको सम्बन्ध विश्वासको आधारमा बन्छ । यो कहिल्यै पुरानो हुँदैन बरू सधैँ नयाँ र ताजाजस्तो लाग्छ । कथम् कदाचित् अविश्वास र सन्देहका धमिरा पसे भने मित्रताको सम्बन्ध पनि भाँचिन सक्छ । यसैले हरेक सम्बन्धमा सावधानी चाहिँ चाहिन्छ ।

हाम्रा जे जति सम्बन्ध हुन्छन् ती सामान्यतः तीन किसिमका हुन्छन्- सम्बन्ध, अनुबन्ध र प्रतिबन्ध । जुन सम्बन्धको आधार निश्छल प्रेम हुन्छ त्यो वास्तविक सम्बन्ध हो । जुन सम्बन्ध शर्तहरूका आधारमा बनिएको हुन्छ त्यो अनुबन्ध हो । जुन सम्बन्धमा विभिन्न बन्धनहरू हुन्छन् त्यो प्रतिबन्ध हो । राम्ररी हेर्ने हो भने आज हाम्रो समाजमा जे जति सम्बन्धहरू छन् ती अनुबन्ध र प्रतिबन्ध नै प्रमुख छन् । वास्तविक सम्बन्धको प्रायः अभावनै छ । सम्बन्धले अनुबन्ध र प्रतिबन्धको रूप लिएकै कारण आजका नाता सम्बन्धहरू टिकाउ छैनन् ।

सम्बन्धको मूल आधार प्रेम हो । तर प्रेम वास्तविक हुनुपर्छ । समानतामा आधारित हुनुपर्छ । प्रेम वास्तविक हो अथवा होइन जाँच्नुपर्दा दुई सरल तरिकाहरू प्रयोगमा ल्याउन सकिन्छ । पहिलो हो दुई व्यक्ति आपसमा एक अर्काको ठुलो भन्दा ठुलो गल्तीमा क्षमागर्न सक्छन् कि सक्दैनन् ? अर्को हो दुई व्यक्ति एक अर्काको खराब भन्दा खराब व्यवहारलाई सहन र माफ गर्न सकछन् कि सक्दैनन् ? यी दुवै तरिका सुन्न त सरल छन् तर व्यवहारमै उत्रनु पर्दा त्यति सरल छैनन् । यसैले प्रेम वास्तविक हो कि होइन व्यहारमै नजाँची निर्क्यौल निकाल्न पनि सँकिदैन ।

कतिपय जनजाति समुदायहरूलाई छोडेर हाम्रो

समाजमा अधिकतर वैवाहिक सम्बन्धको आधार पनि विभिन्न प्रलोभन र शर्तहरू रहेका हुन्छन्, प्रेम होइन । आज विशेषतः हाम्रा दक्षिणी छिमेकी मुलुकको समस्त समाजमा अभिभावकद्वारा निदो गरिएको वैवाहिक सम्वन्ध प्रायः शर्तहरूकै आधारमा तय गरिएको हुन्छ । युवा युवतीको इच्छा अनुसार नै तय भएको छ भने पनि शर्तहरू हुन्छन् । नेपालमा यो विकृति पसेको त छ तर पनि त्यति व्यापक बन्न भने सकेको छैन । यसैले यहाँ केही प्राकृतिकता बाँकी छ । विवाहमा शर्त हुनु राम्रो होइन । यसले विवाह सम्बन्धमा नैसर्गिक प्रेम हुनपाउँदैन ।

हरेक व्यक्ति आफ्नो इच्छा आकाङ्क्षा तथा मर्जी अनुसार आफ्नो नाता सम्बन्ध अघि बढाउन चाहन्छ । एउटाको इच्छा र सोच अर्कासँग मिलेन भने र समयमा समझदारी पुगेन भने आपसमा मनमुटाव शुरू हुनसक्छ । क्रमशः सम्बन्ध चिर्सिँदै जानसक्छ । अनि एक अर्काले एक अर्काको कमी त्रुटिमा क्षमाशील, सहनशील रहनु त कता हो कता एक अर्कालाई हेर्न र सुन्न पनि मन नपराउने

हुनसक्छन् । यसरी सम्बन्धको इतिश्री नै पनि हुन सक्छ ।

महिलाहरू भावनाप्रवण हुन्छन् । समवेदना प्रवण हुन्छन् । उनीहरूको भावनाको सम्मान हुनुपर्छ । अझ हाम्रो समाजमा विवाहपछि केटीले आफू जन्मे हुर्केको घर चटक्क छोडेर केटाको घरमै बस्न र उसको पारिवारिक व्यवहारमा सहयोगी बन्न जानुपर्ने भएकोले केटाका परिवारले केटीमाथि विशेष माया ममता र ध्यान दिनु प्राकृतिक न्याय नै हो । जसरी उम्रेको भूमिमाभन्दा उखेलेर सारिएको भूमिमा बिरूवाले विशेष मल जल र रेखदेख पाउनु आवश्यक हुन्छ । परिवारमा बुहारी अझ जिम्मेवार छोरी हो । बुहारीको प्रसन्नता परिवारकै प्रगतिको आधार हो । सबैले बुझ्नुपर्ने महत्त्वपूर्ण पक्ष यो पनि छ ।

हाम्रो समाज पश्चवैदिक युगबाट पुरूष प्रधान रहिआएको समाज हो । आजको यो एक्काइसौ शताब्दिमा आइपुग्दा पनि पुरूषहरू सुध्रनु पर्ने जति सुध्रेका छैनन् । आज पनि 'म त लोग्ने, मेरो चाकरी गर्नुपर्छ' भन्ने भाव राखेर महिलालाई सताउने विवेकहीन पुरूषहरू समाजमा छन् । नारीप्रति समान मर्यादा र सम्मान राखेर व्यवहार गर्छु भन्ने समाजका अग्रस्थानमा पुगेका पुरूषहरू पनि पत्नीप्रति जति सम्वेदनशील हुनु पर्ने हो त्यति हुन सकेका छैनन् । महिलाको भाषामा, शरीरमा, हेराइमा काम गराइमा, खानपान जस्ता हरेक पक्षमा अझ भन्नुपर्दा बिहान उठेदेखि राति सुत्दासम्मका विभिन्न अभिव्यक्तिमा पुरूषले महिलाप्रति कटाक्ष गरेको हुन्छ । बदलिँदो समयले यसमा आमूल परिवर्तनको आवश्यकता व्यक्त गरेको छ । युगौँदेखि बिग्रिआएको पुरूषहरूको नारी शोषक मानसिकता अव सुध्रनुपर्छ । पूर्णतः परिवर्तित हुनु पर्छ ।

परम्परागत समाजमा कुनै पनि सम्बन्ध जोड्न जति सजिलो छ त्यसलाई कायम राख्न त्यत्तिकै कठिन छ । सम्बन्धको शुरूका दिनमा मैत्रीभाव हुन्छ, भर्खरै माया ममताको आँकुरा पलाएको अवस्था हुन्छ, शुद्ध भाव हुन्छ । आज भोलि हुँदै जव सम्बन्ध प्रगाढ हुन्छ, दुवै एकार्काको व्यवहारबाट परिचित बन्छन् आनि आपसमा एकअर्काको कुनै व्यवहार मन पर्छ, कुनै मन पर्दैन । जव सम्बन्धमा नकारात्मक तत्त्वको प्रवेश बढ्दैजान्छ मन द्वन्द्वले भरिन थाल्छ, समयमा समझदारी पुग्दैन अनि सम्बन्ध अघि बढाउन कठिन हुँदै जान्छ । एक अर्कामाथि एक अर्काको अपेक्षा पूरा हुन नसक्नु, आपसी अहम्‌को टक्कर हुनु, परम्परागत पुरुष प्रधानताको थिचाहा मिचाहा व्यवहारका कारण शिक्षित र स्वाभिमानी नारीमा उत्पन्न असह्यता, आपसी समझदारीको अभाव लगायतका कारणले वैवाहिक सम्बन्धमा नकारात्मक अवस्था आउन सक्छ ।

हिजोआज विशेषतः सीमा क्षेत्रमा छिमेकीका देखासिकीमा छिमेकीकै चलन अनुशरण गरेर विवाह सम्बन्ध अनुबन्ध हुन्छन् । अर्थात् विभिन्न शर्तहरूमा आधारित हुन्छन् । शर्त पूरा हुन नसक्दा सम्बन्ध पनि कायम रहन सक्दैन । यी शर्तहरू कहिले केटाका, कहिले केटीका बाआमा त कहिले केटाकेटी आफैले पनि निर्धारित र अनुमोदित गरेका हुन्छन् । जस्तै केटा पक्षलाई केटीपक्षले यो दिने यति दिने, दुवै जागिरे भएपछि बिहे गर्ने, केटीले जागिर खान नपाउने, घरव्यवहार मात्र हेर्नुपर्ने, आदि इत्यादि । यस्ता शर्तमा बाँधिएर गरिने विवाहहरू शर्त पूरा भए पनि स्वस्थ हुँदैनन् । शर्त पूरा नहुँदा त अति पाशविक रूप धारण गर्न पनि सक्छन् । यो यथाशीघ्र मासिनु पर्ने चलन हो । यसलाई मास्न आजका शिक्षित केटा केटी दुवैले इमानदार पहलगर्नु पर्छ । विशेशतः युवाहरूले नै पहल गर्नुपर्छ ।

जसको विवाह हुनु छ उनीहरू आफैले निर्वाध छलफल गरेर निर्णय गर्ने परिपाटी राम्रो हो । वैदिक युगमा युवतीहरू आफै आफ्नो निर्णय लिन्थे । दवावमुक्त रहन्थे । नारीको मर्यादा र सम्मान सनातन धर्मको आदर्श नै हो । नारीपुरूष आपसमा समान सहयात्री हुन् । अझ नारीहरू सृष्टिका ममतामयी आमा पनि हुन् । सारा सृष्टि संसार नारीप्रति आभारी छ । नारीहरूलाई भाँतीभाँतीका अनुबन्ध र प्रतिबन्धमा राखेर समाज र मुलुकको अपेक्षित प्रगति हुन सक्दैन । हामी गायत्री, सावित्री, सरस्वती, दुर्गा, भगवतीलाई पुज्दै आएकाहरू हौँ । नारीको शक्ति बारे अवगत पनि छौँ । यस क्षेत्रमा लागेका मध्ययुगीन बादल उघ्रनुपर्छ र नारीहरूले सर्वतोमुखी शिक्षादीक्षा र वहुआयामिक प्रगतिको बाटोमा अग्रसर हुन पाउनु पर्छ । समाज अव नारीप्रधान हुनुपर्छ । अनि बल्ल समानताको जग बस्छ । यसैमा व्यक्ति, परिवार, समाज र देशको कल्याण छ । संसारको कल्याण छ ।❖

आधार वर्ष ७८ अङ्क १ पेज ९

प्रधानमन्त्रीद्वारा श्रीपशुपतिनाथ मन्दिरमा दर्शन तथा पूजाअर्चना

प्रधानमन्त्री तथा पशुपति क्षेत्र विकास कोषकी संरक्षक सुशीला कार्कीले आराध्यदेव श्रीपशुपतिनाथको दर्शन तथा पूजा-अर्चना गर्नुभएको छ । गत कात्तिक २४ गते सोमबार बिहान पशुपतिनाथ मन्दिरमा जानुभई प्रधानमन्त्री कार्कीले विशेष विधिविधान सहित पूजा गर्नुभएको हो ।

दर्शन तथा पूजा-अर्चनाको क्रममा पशुपति क्षेत्र विकास कोषका निमित्त सदस्य-सचिव सुभाष चन्द्र जोशी, कोषाध्यक्ष, परिषद् सदस्यहरू तथा कर्मचारीहरूले परम्परागत विधिअनुसार प्रधानमन्त्रीलाई टीका, माला र प्रसाद अर्पण गरी हार्दिक स्वागत र सम्मान गर्नुभएको थियो । प्रधानमन्त्री कार्कीले भगवान् पशुपतिनाथसमक्ष राष्ट्रको समृद्धि, शान्ति र समस्त नेपालीजनको दीर्घायु, सुख र कल्याणको कामना गर्नुभएको जनाइएको छ । विकास कोषले प्रधानमन्त्रीको मन्दिर आगमनलाई गौरवको विषय मान्दै उहाँको नेतृत्वमा देशमा सुशासन, शान्ति, समृद्धि र विकासको मार्ग थप सुदृढ हुने विश्वास व्यक्त गरेको बताइएको छ ।

नेपाल वेदविद्याश्रमको ५२ औं वार्षिकोत्सव सम्पन्न

गत कात्तिक १५ गते हरिवोधनी एकादशीका दिन नेपाल वेदविद्याश्रमको ५२ औं वार्षिकोत्सव विशेष कार्यक्रम सहित मनाइएको छ । श्री १००८ स्वामी डा. केशवानन्द गिरीको प्रमुख आतिथ्यता एवम् पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का निमित्त सदस्यसचिव तथा विद्यालय सञ्चालक समितिका अध्यक्ष सुभाष चन्द्र जोशीको अध्यक्षतामा आयोजित उक्त समारोहमा विद्यालयका प्रधानाध्यापक केशवप्रसाद अधिकारीले विद्यालयका गतिविधि बारे जानकारी गराउनुभएको थियो भने वाल्मीकि विद्यापीठका पूर्व प्राचार्य प्रा. डा. भागवत ढकाल तथा विद्यालयका पूर्वाध्यक्ष प्रा. डा. रामप्रसाद दाहालबाट शुभकामना मन्तव्य प्रदान गर्नुभएको थियो । सो अवसरमा प्रमुख अतिथि डा. स्वामी केशवानन्द गिरिले वार्षिक रूपमा सञ्चालन हुने परीक्षा, वक्तृत्वकला, खेलकुद आदि अतिरिक्त क्रियाकलापका उत्कृष्ट विद्यार्थीका साथै १०+२ पास गरेका विद्यार्थीहरूलाई सम्मान गर्नुभएको थियो । यसैगरी कार्यक्रमका प्रमुख अतिथि डा. गिरीले संस्कृत विकास कोषबाट प्रदान गरिने नेपाल परिक्षा बोर्ड २०८२को १०+२ मा नेपाल भरिका गुरूकुल मध्येबाट उत्कृष्ट नतिजा ल्याउने विद्यालयका विद्यार्थी तथा शिक्षक श्रीअञ्जन ढुङ्गेललाई रू. ५१०००/- को नगद पुरस्कार तथा सम्मान पत्र प्रदान गर्नुभएको थियो । कार्यक्रमा विद्याश्रमका पूर्वप्रधानाध्यापक विष्णुप्रसाद पोखरेलले स्वागत मन्तव्य प्रदान गर्नुभएको थियो ।

तत्कालीन बडामहारानी स्वर्गीय ऐश्वर्य शाहबाट वि.सं. २०३१ साल हरिवोधनी एकादशीको दिनमा स्थापित यस वेद विद्याश्रममा हाल कक्षा ४ देखि १२ सम्म सञ्चालन हुँदैआएको छ । विद्यालयमा आवासीय रूपमा १०९ जना र त्यत्ति नै संख्यामा बाहिरबाट आउने विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । हाल विद्यालय तथा छात्रावास भवन पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेको छ । साथै २०५६ देखि विद्यालयमा मासिक ज्यालादारी, आंशिक करार र करारमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको स्थायित्व एवम् वृत्तिविकासका कार्य हुन सकेको छैन ।

नवरात्रिभर सप्तशती चण्डी

विजया दशमीको उपलक्ष्यमा आश्विन शुक्लपक्ष प्रतिपदादेखि नवमीसम्म अर्थात् नवरात्र भर नौ जना ब्राह्मणहरूद्वारा कवज किलक अर्गलास्तोत्र समेत गरी सप्तशती चण्डी पाठ गरिएको छ । भक्तपुर, चागुनारायण नगरपालिका वडा नम्बर २ स्थित प्रसिद्ध त्रिपुरासुन्दरी भद्राक्षी देवी मातेश्वर महादेव प्राङ्गणमा बिहान ८ देखि ९ बजेसम्म पाठपारायण गरिएको थियो । सप्तशती चण्डी

पाठ गोकर्णप्रसाद न्यौपाने, माधवप्रसाद न्यौपाने, शंकप्रसाद न्यौपाने, ईश्वरीप्रसाद न्यौपाने, विश्वनाथ न्यौपाने, रमेशराज न्यौपाने तथा सन्तोष अधिकारीले गर्नुभएको थियो ।

विगत ३ वर्षदेखि त्रिपुरासुन्दरी भद्राक्षी देवी मातेश्वर महादेव संरक्षण समिति दुवाकोटद्वारा उक्त चण्डी सप्तशती पाठ आयोजनाको संयोजन हुँदैआएको छ । दैनिक सनातन धर्म संस्कृतिको संवर्धन, संरक्षण तथा जगेर्नाका निमित्त उक्त पाठपारायण गराइएको र भविष्यमा पनि यसलाई निरन्तरता दिने समितिका अध्यक्ष बिदुर आलेले जानकारी दिनुभयो । समितिका सचिव प्रकाश आले, सदस्य बसन्त थापा तथा ध्रुव न्यौपानेले पनि यसमा सहयोग गर्नुभएको थियो । संरक्षण समितिका पहिलेका अभिभावकहरूद्वारा संकल्प गरिएका भौतिक संरचना लगभग पुरा हुन लागेको अध्यक्ष आलेले बताउनुभयो ।

यस मन्दिर प्राङ्गणमा पहिले श्री मातेश्वर महादेव र भद्राक्षी देवीको मात्र मूर्ति रहेकोमा हाल आएर श्रीगणेश, श्रीराधाकृष्ण, श्रीभैरव, श्रीबगलामुखी, श्रीसरस्वती, श्रीसप्तऋषि, अर्धनारीश्वर, श्रीनवग्रह, १२ राशिहरू तथा अन्य देवीदेवताको प्रस्तर मूर्तिहरू प्रतिस्थापित छन् । साथै योग साधनाका लागि सुविधायुक्त तीनतले भवन, पानी, सधैं बहने ढुंगेधारा, राधा तुलसीको मठको पनि व्यवस्था गरिएको छ । करिब २०० को संख्यामा सदाबहार फुल्ने फूल, केरा, अम्बा, कपुर जस्ता विभिन्न किसिमका फलफूलले पनि प्राङ्गण भव्य र सभ्य देखिएको छ । त्रिपुरासुन्दरी भद्राक्ष देवीको प्राङ्गणमा अवस्थित महादेवको मन्दिरको छानामा सुनको मोलम्बा लगाई भगवती मातालाई सुनको तोरणमा सजाइएको छ ।

वार्षिक उत्सव सम्पन्न

कोजाग्रत पूर्णिमाको अघिल्लो दिन चतुर्दशी तिथिमा श्रीनारायण, श्रीमहादेवको पूजा तथा रूद्राभिषेक गरी दुवाकोट पिपल चौतारीको वार्षिक उत्सव सम्पन्न गरिएको छ । नारायणको पूजाकर्तामा रमेशराज न्यौपाने, शिवजीको पूजाकर्तामा शंकरप्रसाद न्यौपाने रहनुभएको थियो भने सप्तशती चण्डी पाठ विश्वनाथ न्यौपाने, गीता पाठ गोकर्णप्रसाद न्यौपाने तथा बद्रीनाथ न्यौपानेले गर्नुभएको थियो । त्यस्तै व्यवस्थापनमा सागर न्यौपानेले सहयोग गर्नुभएको थियो भने फूलमाला सहयोग बिन्दु खड्काबाट गरिएको थियो । त्यसैगरी सावित्री न्यौपाने र निर्मला न्यौपानेले प्रसादीको व्यवस्थापन गर्नुभएको थियो । अनुष्ठानमा ११ आवृत्ति रूद्री पाठ तथा ११०० माला हवन समेत गरिएको थियो । समितिका सक्रिय सदस्य माधवप्रसाद न्यौपानेले कार्य बाडफाडको संयोजन गर्नुभएको थियो । चतुर्बाहु नारायणस्थित पिपल चौतारी परिसरको सरसफाइ भने उद्धव खड्काको संयोजनमा जागरण समूहका सदस्यहरूबाट गरिएको थियो ।

धार्मिक सभाको आयोजना

भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका– १ स्थित न्यौपाने गाउँमा गत आश्विन २५ गते शनिबार प्रा. कोशराज न्यौपानेको प्रमुख आतिथ्यतमा एक विशेष धार्मिक सभा सम्पन्न भएको छ । न्यौपाने गाउँस्थित समितिको भवनमा आयोजित उक्त सभामा सनातनी धर्ममा गरिँदै आएका संस्कार, रीतिरिवाज, श्राद्ध तर्पण, काजक्रिया, यज्ञ हवनादिको बारेमा चर्चा गरिएको थियो । ठूलो जनसमूहको उपस्थितिमा भएको उक्त कार्यक्रमको सूचना प्रवाह र व्यवस्थापन नवराज न्यौपाने तथा अन्य सहभागीहरूले गर्नुभएको थियो ।

विगत लामो समयदेखि ब्रह्मपुरी सत्संग सञ्चालन गर्दै आउनुभएका संस्कृतविद् तथा गौरी पत्रिकाका स्तम्भकार मोहनप्रसाद आचार्यले पनि प्राध्यापक न्यौपाने समक्ष जिज्ञासा राख्नुभएको थियो । भक्तपुर जिल्लाको दुवाकोट न्यौपाने गाउँमा रहेको ब्रह्मपुरी सत्संग समितिको परिकल्पना स्वर्गीय डालेश्वर न्यौपानेले गर्नुभएको थियो । २०५२ सालमा स्थापना भएको यस संस्थाको नेतृत्व स्थानीयहरूको सहयोगमा संस्कृतविद् मोहनप्रसाद आचार्यले गर्दैआउनुभएको छ ।

महारूद्राभिषेक सम्पन्न

विश्वव्यापी वैदिक जागरण अभियानका प्रणेता, वैदिक ज्ञान र आधुनिक विज्ञानका अद्वितीय अनुसन्धाता तथा Transcendental Meditation (TM) का संस्थापक महर्षि महेश योगीको नेपाल आगमनको ५१ औँ वार्षिकोत्सवको पावन स्मृतिमा नेपाल महर्षि वैदिक फाउण्डेसनद्वारा ब्रह्मानन्द सरस्वती ग्राम, चम्पादेवीमा महारूद्राभिषेक अनुष्ठान सम्पन्न गरिएको छ । गत वर्ष उहाँको नेपाल आगमनको स्वर्ण महोत्सव (५० वर्ष) का अवसरमा अतिरूद्र महायज्ञ सम्पन्न गरिएको थियो । यस वर्ष उक्त दिव्य यात्राको ५१ औँ स्मरणमा पुनः वैदिक विधिपूर्वक महारूद्राभिषेक आयोजना गरिएको हो, जसमा १९१ जना ब्राह्मणहरूले वैदिक मन्त्रध्वनि, अभिषेक, हवन र पाठपारायण सम्पन्न गरेका छन् ।

नेपाललाई आध्यात्मिक चेतनाको केन्द्र मानी Nepal to Lead the World नेपालले नै विश्वको नेतृत्त्व गर्न सक्छ भन्ने घोषणा गर्ने पहिलो भारतीय सन्त महर्षि महेश योगी हुनुहुन्छ । सन् १९७४ (वि.सं. २०३१ साल कार्तिक २३ गते) पहिलोपटक नेपाल आउनुभएका महर्षि योगीले तत्कालीन राजा श्री ५ वीरेन्द्र समक्ष एक लाख जनालाई ध्यान सिकाउने ऐतिहासिक प्रस्ताव राख्नुभएको थियो ।❖

स्वदेशी वस्तु प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।

स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौं, स्वावलम्बी बनौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरु:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउण्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

निमन्त्रणा ॐ श्री परमात्मने नमः निमन्त्रणा

गीताजयन्तीको उत्सवमा सहभागी बनौं !

मोक्षदा एकादशीको पावन अवसरमा ५१६२ औँ गीता जयन्तीको उपलक्ष्यमा विगतका वर्ष भैँ यस वर्ष पनि ब्रह्मलीन १००८ स्वामी ईश्वरानन्द गिरी महाराजद्वारा स्थापित स्वयम्भूस्थित गीतामन्दिर परिसरमा अनन्त श्री विभूषित महामण्डलेश्वर आत्मानन्द गिरीजी महाराजका समुपस्थितिमा हुने गीतामाताको भजन, कीर्तन र भाँकीसहितको शोभायात्रामा सहर्ष सहभागी भई धर्म-संस्कृति, सम्पदाको संरक्षण-संवर्द्धन गर्नुका साथै अनन्त पुण्य हासिल गर्ने अवसरलाई सदुपयोग गर्नुहुन आयोजक सादर निमन्त्रणा गर्दछौं ।

शोभायात्रा हुने स्थान : स्वयम्भू बुद्धपार्क (स्वयम्भू चक्रपथ स्थित पीपलबोट) बाट शुरू भई स्वयम्भू गीतामन्दिरलाई दायाँ पारी परिक्रमा मार्ग हुँदै प्रभुपाऊ भएर गीतामन्दिरमा प्रवेश ।

समय : बिहान ११ बजे
मिति : २०८२ मङसिर १५ गते सोमबार
स्थान : स्वयम्भू बुद्धपार्क ।
आयोजक : गीता अध्ययन मण्डल
तथा
श्री विन्ध्यवासिनी नीलकण्ठ अध्यात्म समाज



भावातीत ध्यान

भावातीत ध्यान के हो ?

महर्षि महेश योगीज्यू प्रणित भावातीत ध्यान एक सरल, सहज, स्वाभाविक, प्रयासहीन एवं वैज्ञानिक पद्धति हो । यो कुनै पनि अवस्थामा आरामसँग बसेर गर्न सकिन्छ । विश्वभरका १३३ देशका २५० भन्दा बढी विश्वविद्यालयहरूमा ६०० भन्दा बढी वैज्ञानिक अध्ययन तथा अनुसन्धानहरूबाट प्रमाणित यो पद्धति विश्वभरमा ६० लाख भन्दा धेर व्यक्तिहरूले नियमित रूपमा अभ्यास गरिरहेका छन् ।

भावातीत ध्यान (Transcendental Meditation) का विशेषताहरू :

१. भावातीत ध्यान सरल, सहज, स्वभाविक, प्रयासहीन एवं वैज्ञानिक छ । यो शीघ्र प्रभावकारी छ ।

२. भावातीत ध्यान सिक्न तथा अभ्यास गर्न खानपिन, रहनसहन तथा जीवनयापनमा कुनै परिवर्तनको आवस्यकता पर्दैन, न त आफ्नो विश्वास परिवर्तन गर्न जरूरी छ । भावातीत ध्यान जुनसुकै जाति, धर्म तथा विचारधारा भएका सबै देशका नागरिकले सजिलै सिकेर र यसको नियमित अभ्यासद्वारा लाभ उठाउन सक्दछन् ।

भावातीत ध्यानमा के हुन्छ ?

भावातीत ध्यानमा चञ्चल मन शान्त हुँदै अत्यन्त सुक्ष्मस्तरबाट कार्य गर्न थाल्दछ । मन तथा विचारको अवस्था अनुसार हाम्रो शारीरिक अवस्था हुने भएकोले हाम्रो शरीरले पनि गहन विश्राम प्राप्त गर्दछ । शरीरले प्राप्त गर्ने गहन विश्रामले गर्दा मानव जीवनका विभिन्न क्षेत्रमा फाइदाहरु प्राप्त हुन सुरू गर्दछ ।

भावातीत ध्यानबाट हुने लाभहरू

नियमित रूपमा भावातीत ध्यानको अभ्यासले जीवनको समग्र क्षेत्रमा फाइदा पुग्दछ । भावातीत ध्यानका लाभहरूलाई वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरेका छन्:

क) मानसिक क्षमताको विकास

१. तीक्ष्ण बुद्धि एवं गहन समझदारीको विकास हुन्छ

२. धेर विषयवस्तुप्रति चिन्तन गर्ने शक्तिको विकास हुन्छ

३. स्मरणशक्तिको वृद्धिको साथै दुर्बलता, उत्तेजना एव चिडचिडापन हटेर भावनात्मक सन्तुलन बढ्दछ ।

४. सिर्जनशीलता, व्यावहारिक बुद्धिमत्ता तथा गणितीय क्षमतामा वृद्धि हुन्छ ।

ख) स्वास्थ्यमा सुधार

१. स्नायुप्रणालीमा गहन विश्राम उपलब्ध हुनाले तनाव विलीन हुन्छ। स्नायुप्रणाली शुद्ध हुन्छ । व्यक्ति आफ्नो 'स्व' मा स्थित हुन्छ र पूर्ण स्वस्थ हुन्छ ।

२. रोग प्रतिरोध क्षमता बढ्छ । तम्बाकु, बिडी, सिगरट, रक्सी र लागू औषधको आदत बिस्तारै बिस्तारै छुट्छ ।

३. मुटु तथा स्वासको गति एवं चयापचयको दर (Metabolic Rate) मा कमी आई उच्च तथा न्यून रक्तचाप एवं मुटुरोगलाई बढी फाइदा पुगेको पाईएको छ ।

४. चिन्ता र नकारात्मक समस्याहरु (इन्जाइटी र डिप्रेशन) समाधान हुन्छ ।

ग) सामाजिक व्यवहारमा सकारात्मकता

१. सहनशीलता बढ्छ । २. नैतिक परिपक्वताको विकास हुन्छ ।

३. अरूलाई सहयोग गर्ने भावना जागृत हुन्छ ।

४. व्यक्तिको आध्यात्मिक विकास हुन्छ ।

घ) समाजमा सकारात्मक प्रभाव र विश्व शान्तिमा योगदान

कुनै पनि समाज तथा देशको जनसंख्याको १ प्रतिशत मानिसले मात्र भावातीत ध्यान गरेमा त्यस समाज तथा देशमा दुर्घटना कम हुन्छ, अस्पताल भर्ना हुने संख्यामा कमी आउँछ, आपराधिक घटनाहरु कम हुन्छन् र समाजमा भाइचाराको सम्बन्ध सुदृढ हुँदै सामन्जस्यतामा वृद्धि हुन्छ । समाज तथा देशको सामूहिक चेतनामा सहसम्बद्धता बढ्दै सात्विकतामा वृद्धि हुन्छ ।

भावातीत ध्यान कसका लागि ?

भावातीत ध्यान ती व्यक्तिहरूका लागि हो जसले मानसिक क्षमतामा अभिवृद्धि गर्दै सुदृढ शारीरिक एवं मानसिक स्वास्थ्य चाहन्छन् । साथै ती व्यक्तिहरूका लागि हो जो तनाब एवं चिन्ताबाट मुक्त भएर जीवनमा प्रगति, विकास, सुख, शान्ति र सन्तुलनका अभिलाषी छन् । याद राख्नुहोस्: भावातीत ध्यान कुनै धर्म नभएर मानवीय चेतनाको आधारमा प्रवर्तित एक विज्ञान हो । यसबाट जीवनमा सुख, शान्ति, समृद्धि र सन्तुलनको विकास हुन्छ ।

भावातीत ध्यानमा गरिएको अनुसन्धानको एउटा नमूना

56% Decrease in Hospitalization Rate in All Categories of Disease

Through Transcendental Meditation



भावातीत ध्यानको आवासीय कार्यक्रमः

२ रात र ३ दिन

शुल्क रू १० हजार (आवास, खाना र ध्यान सहित)

स्थानः महर्षि वैदिक इन्विटच्युट, ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली न.पा.-१ बोसन

सम्पर्क मोवाइलहरू:

९८५१०१३०२२ दीपकप्रकास बास्कोटा, अध्यक्ष (पूर्व गृहराज्यमन्त्री)

भावातीत ध्यान शिक्षकहरुः

९८५७०८०७८७ भरतराज पौडेल, ९८५१०३९४७४ माधव अर्याल, ९८५१००३८९४ मीनराज अधिकारी ।